# परिच्छेद-एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

अनुशासन नेपाली शब्दको “अनु + शासन” मिलि बनेको हो । “अनु” भनेको आफू र “शासन” भनेको चल्नु हो । यसरी आफूलाई आफैले शासन गर्नु वा संयमित रूपले चलाउनु नै अनुशासन मानिन्छ । अनुशासन भनेको समय र नियमको पालना गर्नु, समय अनुसार चल्नु र आफ्नो कर्तव्यबाट विचलित नभई कार्य निर्वाह गर्नु हो । व्यक्तिमा हुनुपर्ने कुशलता, नैतिकता, सरलता, स्पष्टता, असल चरित्र, सहनशीलता, उदारता स्वार्थरहित भावना, आदर्शता, कर्तव्यपरायण जस्ता गुणले अनुशासनलाई ईंकित गर्दछ ।

वृहत नेपाली शब्दकोषका अनुसार :

(१) “अनुशासनको अर्थ सामाजिक, धार्मिक, कानुनी मूल्य र मानयताभित्र रही कर्तव्य निर्वाह गर्ने कार्य,

(२) आदर्श आचरण र त्यसको पालना

(३) मान्य वस्तु र मान्यजन प्रतिको आस्था,

(४) शिक्षा, तालिम, शिक्षण

(५) शिक्षण क्रियाको एक पद्धति,

(६) आफू मन्तिरकालाई कावुमा राख्ने कार्य अदप,

(७) नियमितता, सुव्यवस्था, शान्तिसुरक्षा

(८) संयम आत्मसंयम (१) पव पा. १ खण्डित अनुशासनलाई अट्ठार प्रयोग वा त्यो प्रयास भएको काल । (२) महाभारतका अट्ठार पर्व मध्येको एक हो । -प्रिय/प्रेमी वि. १ अनुशासन मन पराउने । ना. २ अनुशासन मन पराउने व्यक्ति-हीन -वि. अनुशासन नभएको अनुशासन नमान्ने, अनुशासन रहित,

अक्सफोर्ड डिक्सनरीका अनुसार :

(१) मस्तिष्क, शरीर, व्यवहार नियन्त्रण गर्नको लागि तालिमको लागि एउटा विधि नै अनुशासन हो ।

(२) व्यवहार नियन्त्रण गर्ने क्षमता तथा जीवन जिउने कला/तरिका नै अनुशासन हो ।

(३) ज्ञानको एउटा अंग, मानिसहरूले अधययन गर्ने अध्ययन विषय वा पढाइने विषय (विशेष गरी विश्व विद्यालयहरूमा)

अनुशासन एउटा घर परिवारभित्र मात्र सीमित नभई विद्यालय, खेलमैदान प्रहरी प्रशासन, सैनिक संगठन, धार्मिक स्थल, अस्पताल आदि हरेक क्षेत्रमा आवश्यक पर्दछ । अनुशासनले मानिसलाई कर्तव्यनिष्ठता र धैर्यवानका साथै सहनशील बनाउन प्रेरित गर्दछ । अनुशासनले मानिसलाई नैतिक र चरित्रवान बनेर शिक्षा आर्जन गर्न सिकाउँछ ।

विश्व परिवेशलाई हेर्दा अनुशासनको आवश्यकता दिनदिनै बढ्दै गई रहेको देखिन्छ । विश्वमा एक देशले अर्को देशप्रति गर्ने मैत्रिपूर्ण र सहयोगी भावनाको विकास गराउन अनुशासनको पाठ सिकाउन जरुरी छ । एक देशले अर्को देशको कदर, सम्मान जस्ता मानविय गुणको विकास गराउन अनुशासनको आवश्यकता पर्दछ । विश्व समुदायमा अनुशासन कायम गराउने संस्थाको रूपमा "संयुक्त राष्ट्र संघको गठन सन् १९४५ मा भएको थियो । जसले मानव अधिकार, बालअधिकार, श्रमिक अधिकार जस्ता सन्धि सम्झौता गरी निश्चित नीति नियमहरूको वैधानिक रूपमा पालना गर्न प्रत्येक देशलाई आग्रह गरेको छ । त्यस्तै "दक्षिण एसियाली क्षेत्रीय सहयोगठ संगठन (सार्क) को स्थापना सन् १९८५ पश्चात् सार्क मुलुकहरूको आपसी सदभाव, व्यापार व्यवसाय तथाअन्य विविध कार्य गर्न गठन भई यसले सार्क मूलुकहरूमा खेलकुद, व्यापार, व्यावसाय, मैत्रिपूर्ण भावना आदी कायम गराउँदै आएको पाइन्छ ।

विकसित देशको तुलनामा अविकसित देशहरूमा अनुशासनको पालना कम हुने गरेको देखिन्छ । विभिन्न कारणहरूले गर्दा त्यस देशका नागरिकहरूमा राष्ट्रप्रतिको वफादारिता एवं जिम्मेवारी तथा अनुशासनको अवस्था खस्किँदै गएको देखिन्छ । उदाहरणको लागि चोरि, डकैति, हत्या, हिंसा गराउनमा अगुवा र नेताहरू नै पथप्रष्ट नैतिकहीन चरित्रहीन र आफ्नो कुर्सिको मात्रै मतलव राख्ने खालका देखिन्छन् । त्यस्तै हाम्रो देशमा पनि यी कुराहरूको गहिरो छाप परेको देख्न सकिन्छ ।

विद्यालय अनुशासनले विद्यार्थीहरूको नैतिकता र चरित्रता विकास गर्नुका साथै कर्तव्य निष्ठ बन्न उत्प्रेरित गर्दछ । त्यसैले कुनै पनि देशको नागरिकलाई असल, नैतिकवान र सच्चरित्रवान बनाउन त्यस देशको शिक्षा प्रणाली र शिक्षकमा नै भर पर्दछ । कक्षा अनुशासनले नै विद्यार्थीलाई असल, गुणवान तथा कर्तव्यनिष्ट बनाउन सहयोग गर्दछ । कक्षा अनुशासनले विद्यार्थीहरूमा संयम, धैर्यता, सहनशीलता, साथीहरूसँग मिलेर बस्ने, गुरुहरूको आदर सम्मान गर्ने र भनेको मान्ने जस्ता अदि कार्यले गर्दा उनीहरूलाई ज्ञान आर्जन गर्न सहयोग पुग्दछ ।

कक्षा अनुशासन राम्रो भएन भने असल शिक्षा आर्जन कसैले पनि गर्न सक्दैन, किनकि उसले विद्यालयको आचारसंहिता पालना गर्नु पर्दछ । नत्रभने विद्यार्थी विद्यार्थीको रूपमा रहन सक्दैन । विद्यालयमा प्रवेश गरिसके पछि विद्यालय भित्रको अनुशासनमा रहि उसले ज्ञान प्राप्त गर्न सक्दछ । कक्षा अनुशासनले विद्यार्थीहरूमा शिक्षकहरूसँग गर्ने व्यवहार, साथीहरूसँग गर्ने व्यवहार, बुबाआमासँग गर्ने व्यवहारहरू फरक फरक हुन्छन् । विद्यालयले निर्दिष्ट गरेको

अनुशासनभित्र नियमित रूपमा विद्यालय पोशाक लगाउन पर्ने, नियमित रूपमा हाजिरि हुनुपर्ने, साथीहरूसँग मिलेर वस्नुपर्ने, शिक्षकहरूको आज्ञापालना गर्नुपर्ने, दिएका गृहकार्यहरू नियमित रूपमा गर्नुपर्ने साथै विद्यालयका सम्पूर्ण नीति नियमहरूभित्र रहेर कक्षा अनुशासनलाई पालना गर्नुपर्ने हुन्छ । यदि कक्षाभित्र विद्यार्थीहरूले अनुशासनको पालना गरेन भने कहिले पनि ऊ शिक्षामा राम्रो हुन सक्दैन । त्यसैले कक्षाभित्र जसरी विद्यार्थीहरूले आफ्नो अनुशासन पालना गर्नुपर्ने हुन्छ । त्यसैगरी शिक्षकहरूले आफ्नो जिम्मेवारी दायित्व तथा अनुशासन पालना गरी कर्तव्यनिष्ठ भूमिका निर्वाह गर्नुपर्दछ । यसरी कक्षामा विद्यार्थीहरूका लागि शिक्षक एक नमुनाका रूपमा रहनुपर्दछ । विद्यार्थीहरूले शिक्षकहरूलाई आदर्श व्यक्तित्वका रूपमा लिएर उनीहरूले अनुशासनको अनुकरण गर्नु लिन लगाउनु पर्दछ ।

शिक्षा नियमावली २०५९ ले विद्यार्थीका निश्चित आचारसंहिताको व्यवस्था गरेको छ । आचारसंहिता भनेको मानिसलाई अनुशासनमा बाँध्ने एक प्रकारको नियम हो । शिक्षा नियमावली २०५९ ले शिक्षक तथा विद्यार्थीले पालना गर्नुपर्ने नियमहरू निम्न छन् :

विद्यार्थीले पालना गर्नुपर्ने नियमहरू :-

- शिक्षकको आज्ञापालना र आदर गर्नुपर्ने ।
- विद्यालय वा बाहिर जहाँसुकै अनुशासनमा बस्नुपर्ने ।
- विद्यालयले आयोजना गरेको कार्यक्रममा सक्रिय रूपमा भाग लिनु पर्ने ।
- विद्यालय व्यवस्थापन समितिले निर्धारण गरेको अन्य आचार संहिता पालना गर्नुपर्ने ।

शिक्षकले पालना गर्नुपर्ने नियमहरू :-

- आफूलाई खटाइएको ठाउँमा गई तोकिएको काम गर्नुपर्ने ।
- निर्धारित समयमा नियमित रूपले विद्यालयमा आए गएको समयमा हाजिर हुनुपर्ने ।
- आफ्नो सेवासम्बन्धी कुरामा मतलब साध्य गर्ने मनसायले कसैमाथि पनि कुनै राजनैतिक वा अवान्छिनिय प्रभाव पार्नु वा प्रभाव पार्ने प्रयत्न गर्नु नहुने ।
- नेपाल सरकार वा प्रभाव पार्ने प्रयत्न गर्नु नहुने वा कुनै विदेशी राष्ट सँगको सम्बन्ध खलल पार्ने कार्य नगर्ने ।
- विद्यार्थीलाई योग्य नागरिक बनाउने उद्देश्य लिई अध्ययन अध्यापनलाई आफ्नो मुख्य लक्ष्य सम्झनु पर्ने ।
- आज्ञाकारिता, अनुशासन, सदभाव, सहयोग, सदाचार, सहानुभूति, धैर्य र सच्चरित्रतालाई प्रोत्साहन दिने ।

- कुनै भाषा, धर्म तथा समुदाय विरोधी भावना शिक्षक तथा विद्यार्थी वर्गमा फैलाउन नहुने ।
- नेपाल अधिराज्यको सार्वभौम सत्ता र अखण्डतामा आँच आउने कार्य गर्नु नहुने ।

शिक्षा मन्त्रालयबाट निर्दिष्ट गरिएका उपरोक्त नियमावलीहरू कार्यान्वयन हुन सकिराखेका छैनन् । आफ्नै विद्यार्थीबाट शिक्षकहरूले अपमानित, अपहेलित तथा पिडावोध खेपिरहेका छन् । प्रचलित ऐन कानुन कागजमा मात्र सिमित रही कार्यान्वयन हुनु नसक्दा वर्तमान अवस्थामा विद्यालयमा विद्यार्थी अनुशासनको अवस्था एकदमै गिरेको अवस्थामा रहेको देखिन्छ । साथै विद्यालय प्रशासनले कक्षा अनुशासनलाई कडाइका साथ कार्यान्वयन गर्नुपर्ने स्थिति रहेको छ । जसले गर्दा कक्षाकोठाको अनुशासन व्यवस्थित भई कक्षा अनुशासनमा सुधार हुन सकोस् र अभिभावक तथा विद्यार्थीहरूको पनि भविष्य सुनौलो बन्न सकोस ।

हाम्रो देशको सन्दर्भमा कुरा गर्दा यहाँका शिक्षक तथा विद्यार्थीहरूमा अनुशासनको कमि तथा कक्षाकोठा वा विद्यालय परिसरमा अनुशासनको अवस्था खस्किँदै गइरहेको पाइन्छ । देशमा समय समयमा भईरहेको राजनैतिक परिवर्तन, चक्का जाम, आन्दोलन, बन्द, हडताल जस्ता विभिन्न क्रियाकलापहरूले शिक्षा क्षेत्र पनि प्रभावित हुन पुगेको देखिन्छ । जसले गर्दा यहाँको शैक्षिक उपलब्धि न्यून हुँदै गएको देखिन्छ । शिक्षा क्षेत्रमा सरकारले लगानी गरे बमोजिमको उपलब्धि भेटिन सकेको देखिदैन । देशको भौगोलिक विकटता, रुदीवादी परम्परा, व्यवसवायिक एवं प्राविधिक शिक्षाको कमि, शिक्षा नीति अस्पष्ट आदि विभिन्न कारणहरूले गर्दा शिक्षा क्षेत्र प्रभावित भएको पाइन्छ । समग्रमा हाम्रो देशका विद्यालयहरूमा राज्यले लगानी गरे अनुरूपको शैक्षिक उपलब्धि हुन सकिरहेको पाइँदैन् ।

## १.२ अध्ययनको क्षेत्र

वर्तमान विश्व परिवेशमा विकसित राष्ट्रहरूको तुलनामा अविकसित राष्ट्रहरूको शिक्षा नीति एवं शिक्षामा भईरहेको कमजोरीका कारण ती देशहरू गरिविको रेखामूनी रहेका देखिन्छन । त्यस्तै हाम्रो देश पनि विश्व सामु पछि परेको देखिन्छ । यहाँको शिक्षा नीति अस्पष्ट, अवैज्ञानिक तथा प्राविधिक एवं व्यवसायिक दृष्टिको शिक्षा नीति अवलम्वन गर्न नसक्नुको कारण गरिविको रेखामुनि पिल्सिरहेको देखिन्छ । कक्षा कोठामा अनुशासनको कमी सरकारी र नीजि विद्यालयबीचको विभेद आदि विभिन्न कारणले शिक्षा विकास हुन सकिरहेको देखिँदैन । यी कुराहरूलाई मध्यनजर गरी “कक्षाकोठामा शिक्षक तथा विद्यार्थी अनुशासनको अवस्था” नामक शिर्षकमा अध्ययन गर्न खोजिएको थियो ।

अध्ययनकर्ताको समय, बजेट अभाव तथा विभिन्न समस्याका कारण यो अध्ययन बागमति अञ्चलको पहाडी जिल्ला काभ्रेपलाञ्चोक जिल्लाका ३ वटा नगरपालिका ७८ वटा गा.वि.स. मध्ये बनेपा नगरपालिकामा रहेका ४ वटा विद्यालयहरू वार्ड नं. ५ मा रहेको शिक्षा

सदन माध्यमिक बनेपा वार्ड नं. ६ मा रहेका चैतन्य मा.वि., हिमालय उच्च मा.वि. र आजाद उच्च मा.वि. का कक्षा ५, ८ र ९ मा सीमित रहेको थियो । ऐतिहासिक महत्त्व बोकेको बनेपा नगरपालिकाभित्र ब्राह्मण, क्षेत्री तथा नेवार जातिको बाहुल्यता रहेको भेटियो साथै जिल्लाको पूर्वमा रामेछाप, पश्चिम मकवानपुर, उत्तर सिन्धुपाल्चोक र दक्षिणमा भक्तपुर जिल्लासँग यसको सिमाना जोडिएको छ र यहाँको आर्थिक, सामाजिक तथा शैक्षिक स्थिति सामान्य देखिन्छ ।

## १.३ समस्याको कथन

नियम कानुनको दायराभित्र रहेर आफ्नो कर्तव्य पालना गर्नु नै अनुशासन हो । प्रत्येक विद्यार्थीहरूमा सानैदेखि असल आचरण र वानिको विकास गर्न सकेमा मात्र व्यक्तित्व विकास सम्भव छ । यदि विद्यार्थीको अनुशासनमा ध्यान दिइएन भने भोलिका दिनमा उनिहरूमा अनुशासन हिनता बढ्दै जान्छ । उनीहरू नराम्रा क्रियाकलापमा संलग्न हुँदै जान्छन् । जसरी देशको कानुन कमजोर रह्यो भने देश राम्ररी संचालन गर्न सकिँदैन त्यसै गरी नै शैक्षिक संस्थामा अनुशासन पक्ष कमजोर रहयो भने ठूलो शैक्षिक क्षति हुन जान्छ । त्यसैले विद्यालयमा कक्षा अनुशासनको ज्यादै महत्त्व छ । तर यहाँको विपरित खास सरकारी विद्यालयहरूमा देशको लगानी अधिक मात्रामा खर्च गरिए तापनि शैक्षिक उपलब्धि भने हुन सकिराखेको छैन । यसको एउटा पाटो “कक्षा अनुशासन” लाई पनि लिन सकिन्छ । वर्तमान परिवेशमा शिक्षा क्षेत्रा ठूलो रकम खर्च गरिए तापनि विद्यार्थी आचारसंहिता र शिक्षकहरू समेत शिक्षक आचारसंहिताभित्र रहि कार्य गरिरहेका देखिँदैनन् । जसको परिणाम शैक्षिक उपलब्धिमा आशा गरेअनुसारको उपलब्धि हात पर्न सकिएको देखिँदैन ।

यसरी कक्षा अनुशासन हिनताले विद्यार्थीको पठनपाठनमा प्रत्यक्ष असर पारिरहेको हुन्छ । कक्षाकोठामा विद्यार्थीहरूले अनुशासन सिक्नमा कस्तो भूमिका खेलेको हुन्छ, अनुशासन र पठनपाठनमा के कस्तो सम्बन्ध छ ? भन्ने कुराको जवाफ प्राप्त गर्नुपर्ने भएकोले यसलाई समस्याको रूपमा लिइएको थियो । कक्षा अनुशासन विना सफल र प्रभावकारी रूपमा कक्षा शिक्षण गर्न के कस्तो उपायहरू अपनाउनु पर्दछ ? अनुशासनले विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा के कसरी सहयोग पुऱ्याउँदै आइरहेको छ ? आदि प्रश्नहरूको जवाफ खोज्न यो अध्ययनको शीर्षक “कक्षाकोठामा शिक्षक तथा विद्यार्थी अनुशासनको अवस्था” चयन गरिएको थियो ।

## १.४ अनुसन्धानात्मक प्रश्नहरू

यस अध्ययनका अनुसन्धानात्मक प्रश्नहरू निम्नानुसार राखिएका थिए :

- विद्यार्थीका असल तथा अस्वीकृत व्यवहार छुट्याउने आधारहरू के के हुन् ?
- कक्षाकोठामा अवस्था अनुसार हुनुपर्ने व्यवहारहरू के के हुन् ?

- विद्यार्थीहरूले कक्षाकोठामा देखाउने व्यवहार के कस्ता छन् ?
- विद्यार्थी व्यवहारमा देखिएका भिन्नता र तिनका कारणहरू के हुन  सक्छन् ?
- कक्षा अनुशासनले शिक्षण सिकाइ क्रियाकलापमा कस्तो प्रभाव पारेको हुन्छ ?
- विद्यार्थी शिक्षक बीचको सम्बन्धले कक्षा अनुशासनमा के भूमिका  खेल्दछ ?
- विद्यार्थी अनुशासन कायम गर्न शिक्षक विद्यार्थी, अभिभावक र प्र.अ.ले के कस्ता प्रयासहरू छन् ?
- विद्यालयमा कक्षा अनुशासन कायम गर्न आइपरेका समस्याहरू के के हुन सक्छन ?
- अनुशासन कायम गर्दा आइपर्ने समस्याहरूको समाधान गर्न के के उपायहरू अपनाउन सकिन्छ ?

यि र यस्ता विभिन्न पक्षहरूलाई समावेश गरी कक्षाकोठामा शिक्षक तथा विद्यार्थी अनुशासनको अवस्थासम्बन्धी अध्ययन गर्ने प्रयत्न गरिएको थियो ।

## १.५ अध्ययनको औचित्य

व्यक्ति र समाजमा मानवता विरोधी भावनाको हावि हुन, दिन दिनै मान्छे अपहरण हुन, बेपत्ता पारिनु, सोझासाझा चेलीहरू बेचिनु, बलात्कृत हुन, मारिनु जस्ता कु-कार्यहरू अनुशासन हीनताका उपज हुन् । त्यसैले यस्ता खालका कार्यहरूलाई रोक्नका लागि विद्यालय तह देखिनै विद्यार्थीहरूमा कक्षा अनुशासनको पाठ सिकाउन जरुरी छ । विद्यार्थीहरूमा नैतिकता सच्चरित्रताको विकास गर्नका लागि सुरुदेखि नै उनिहरूमा उचित किसिमका शिक्षा दिक्षा, नीति नियमहरू सिकाउन जरुरी हुन्छ । त्यस्तै शिक्षक शिक्षिकाहरू पनि शिक्षक आचारसंहिताभित्र रही अधययन अध्यापन कार्य गर्न गराउन जरुरी हुन्छ ।

विद्यालयमा विद्यार्थीहरूलाई अनुशासनको दायरामा राख्नु सकिँदैन भने उनिहरूले एक आपसमा छाडा शब्दहरू वोल्नु, केटिहरूलाई जिस्क्याउन, विद्यालय छुट्टी नहुँदै भाग्नु, धुम्रपान तथा मध्यपान जस्ता कुलतमा फस्न सक्ने हुन्छन् । यसरी विभिन्न किसिमका अनुशासानहीन कार्यहरू बढीरहेका हुनाले यसको बारेमा अध्ययन गर्न खोजिएको थियो । यसरी अध्ययनबाट प्राप्त सुचनाहरूको आधारमा आवश्यक सुधार प्रक्रिया अवलम्बन गरी  हुन सक्ने सम्भावित खतराबाट समयमै बचाउन र त्यस्ता कार्यबाट मुक्त गर्न यो अध्ययन औचित्यपूर्ण ठहरिएको थियो ।

विद्यालयमा कक्षा अनुसशासन राम्रो छैन भने विद्यार्थीहरू अनुशासित बन्न सक्दैनन् । जसले गर्दा उनिहरू पढ्नुको सट्टा कक्षा छोड्ने, शिक्षकले भनेका कुरा नमान्ने, पठनपाठनमा ध्यान नदिने, विभिन्न किसिमका अस्वीकृत व्यवहारहरू प्रदर्शन गर्ने गर्दछन् । यसले

विद्यार्थीहरूमा पढाइ प्रति वितृष्णा हुने, कुलतमा लाग्ने, दुर्व्यसनिमा फस्ने, अन्तिममा उनिहरूको शैक्षिक स्तर विग्रिदै जाने अवस्था सिर्जना हुन सक्दछ । यसरी कक्षा अनुशासन नदिइएको खण्डमा विद्यार्थीहरू भविष्य नै संकटमा पर्न सक्दछ । विद्यार्थीको, सुरुको अवस्थादेखि नै अनुशासनमा राख्दै उज्वल भविष्य तिर मार्गदर्शन गर्दै शिक्षकले डोऱ्याउन पर्दछ । विद्यालयले कक्षा अनुशासन कायम गराउन नसक्दा राष्ट्रले शैक्षिक लगानीमा ठूलो नोक्सानी वेहोर्न पर्ने स्थिति सिर्जना हुन्छ ।

शिक्षाक्षेत्रमा खर्च गरिने बजेट अधिक हुँदाहुँदै पनि हाम्रो देशका विद्यालयहरू अझै विभिन्न कारणहरूले पछि परिरहेका छन् । ति कारणहरू निम्न छन् :

- अभिभावकहरूको शिक्षा प्रतिको चासो कम देखिनु,
- देशमा शिक्षित बेरोजगारहरू बढ्नु,
- शिक्षक तथा कक्षा निरीक्षण समय समयमा नहुनु,
- देशको राजनैतिक अस्थिरता,
- प्र.अ. तथा विद्यालय व्यवस्थापन समितिले पनि कक्षा अवलोकन निरीक्षण तथा विद्यार्थी प्रगति विवरणमा खासै ध्यान नदिनु

यि विभिन्न कारणहरूले कक्षाकोठाको अनुशासनमा कमि देखिएको हो र यसको हालत यस्तै रहे राष्ट्रले भविष्यमा ठूलो शैक्षिक क्षति व्यहोर्नु पर्ने देखिन्छ । शिक्षकले शिक्षक आचारसंहिता भित्र रहेर आफ्नो अध्ययन कार्य र विद्यार्थीले विद्यार्थी आचारसंहिता तथा प्र.अ. अभिभावक, वि.वि.स. आदि सबैले आ-आफ्नो ठाउँबाट आ-आफ्नो भूमिका निभाइ अध्ययन अध्यापन कार्य गर्नु जरुरी देखिन्छ, जसले गर्दा कक्षा अनुशासनमा सुधार आओस् ।

यो शीर्षक अध्ययनको विद्यालय प्रशासनलाई अनुशासनसम्बन्धी समस्या समाधान गर्नका लागि सहयोग पुऱ्याउने छ । यस अध्ययनले विद्यार्थीहरूका अभिभावकहरूलाई आफ्ना छोराछोरीहरूले व्यवहार सुधार गर्दै मार्गदर्शनका लागि उपयोगीहुनेछ । विद्यालयमा शिक्षण गर्ने शिक्षकहरूका लीग, विद्यार्थी अनुशासन कायम गराउन आवश्यक कदमहरू पहिचान गर्नका लागि सहयोग पुऱ्याउने छ । यसका साथ साथै शिक्षाक्षेत्रका पाठ्यक्रम निर्माता, मनोवैज्ञानिक, चिकित्सक, प्रधानाध्यापकहरूलाई आवश्यक मार्गनिर्देशन प्रदान गर्नु सहयोगी हुनेछ । साथै यो अध्ययनबाट वर्तमानमा देखिएको कक्षा अनुशासन र यसले शैक्षिक क्षेत्रमा देखाएको असरहरूबारे पत्ता लगाउन सहयोग गर्ने छ र यस क्षेत्रमा थप अध्ययन गर्न चाहने सरोकारवाला व्यक्ति र संस्थाहरूलाई आधार प्रदान गर्नु महत्त्वपूर्ण भूमिका निभाउने देखिन्छ ।

## १.६ अध्ययनको उद्देश्य

यो अध्ययनका उद्देश्यह निम्नानुसार रहेका थिए :

- कक्षाकोठामा अनुशासनको स्थिति पहिचान गर्नु ।
- कक्षा अनुशासनले विद्यार्थीहरूको पठनपाठनमा पारेका प्रभाव पत्ता लगाउनु ।
- विद्यालयमा कक्षा अनुशासन कायम गर्दा आइपरेका समस्या र अपनाइएका समाधानका उपायहरू पहिचान गर्नु ।

## १.७ अध्ययनको सीमाङ्कन

निश्चित स्रोत साधनहरूको अभावले निश्चित सीमाभित्र रहेर अध्ययनको सीमा निर्धारण गरिएको थियो । आर्थिक अभावका कारणले थोरै क्षेत्रलाई समेट्दै एउटा सानो नमुनालाई अध्ययन गर्ने प्रयास गरिएको थियो ।

यस अध्ययनका लागि आवश्यक पर्ने स्रोत, साधन र समयलाई ध्यानमा राखि यो अध्ययनको सीमाङ्कन निम्न क्षेत्रमा सीमित गरी अध्ययन गरिएको थियो :

- यो अध्ययनको क्षेत्र बागमती अञ्चलको काभ्रे जिल्ला बनेपा नगरपालिका वार्ड नं. ५ र ६ मा रहेका ४ वटा विद्यालयहरूमा सीमित गरियो ।
- यो अध्ययन शिक्षक तथा विद्यार्थीहरूको व्यवहारहरूमा मात्र सीमित गरियो ।
- विद्यार्थीका लक्षित समूह छलफल, विद्यालयका दस्तावेज अध्ययन, अन्तर्वार्ता, कक्षाअवलोकन र छलफल गरी तथ्याङ्कहरू संकलन गरिएका थिए ।
- विद्यालयसँग सम्बन्धित ८ जना अभिभावक, वि.व्य.स. अध्यक्षहरू ४ जनासँग अन्तर्वार्ता लिइयो ।
- विद्यालयका ४ जना प्र.अ. सित अन्तर्वार्ता र शिक्षकहरूलाई खुल्ला प्रश्नावली तयार गरी सूचना संकलन गरियो ।
- ४ वटै विद्यालयमा अध्यापन गर्ने १२ जना शिक्षक प्र.अ., नमुना छनोटमा परेका कक्षा ५, ८ र ९ बाट नमुना छनोटमा परेका ९६ जना विद्यार्थीहरूलाई अध्ययनको सीमाको रूपमा निर्धारण गरी यो अध्ययन संचालन गरियो ।

## १.८ विशिष्ट शब्दावलीको परिभाषा

**अनुशासन** : समाजले बनाएका नियम कानुनहरूको पालना गर्नु नै अनुशासन हो ।

**विद्यार्थी अनुशासन** : विद्याथी आचारसंहिता अनुकुल गर्नुपर्ने विद्यार्थी क्रियाकलाप ।

**शिक्षक अनुशासन** : शिक्षक आचारसंहिता अनुकुल गर्नुपर्ने शिक्षक क्रियाकलाप ।

**स्वीकृत व्यवहार** : अनुशासनभित्र रहेर गरिने असल व्यवहार ।

**अस्वीकृत व्यवहार** : अनुशासनको परिधी बाहिर रहेर देखाउने खराब व्यवहार ।

# परिच्छेद–दुई
# सम्बन्धित साहित्यको अध्ययन

## २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन

अध्ययन अनुसन्धान कार्य सुसम्पन्न गर्नका लागि विभिन्न किसिमका त्यस शीर्षकसँग सम्बन्धित खोज, अनुसन्धान बारे अध्ययन गर्नु अनिवार्य हुन्छ । कक्षा अनुशासन विद्यालयमा धेरै पहिलेदेखि लागु भए तापनि त्यससँग सम्बन्धित शीर्षकमा विभिन्न अनुसन्धानहरू कमै भएको पाइन्छ । शैक्षिक क्षेत्रमा कक्षा अनुशासन तथा शैक्षिक उपलब्धि एक अर्काको परिपुकर भए तापनि यस शीर्षकमा अनुसन्धानहरू, खोज भएको पाइँदैन ।

सरकारी विद्यालयभन्दा नीजि विद्यालयहरूमा कक्षा अनुशासनमा राखेर शिक्षण सिकाइ क्रियाकलाप भएकाले तिनिहरूको उपलब्धि राम्रो भएको पाइन्छ भने सरकारी विद्यालय तिर अलिकति खुकुलो भएकाले शैक्षिक उपलब्धिहरू सोचेजस्तो असल नभएको ठहर विशेषज्ञहरूको छ । विद्यालयमा कक्षा अनुशासनले शैक्षिक उपलब्धिलाई कसरी प्रमाणित पार्न सक्दछ ? भन्ने प्रश्नको उत्तर खोज्ने क्रममा केही अध्ययनहरू भएता पनि यस शीर्षकमा प्रयाप्त अध्ययन भने भएको पाइदैन ।

"हिन्दु दर्शनका अनुसार शिक्षा आर्जन गर्दा अनुशासनले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । हिन्दु दर्शन अनुसार शिक्षा आर्जन गर्दा"

विद्यार्थीहरूले गुरुको आज्ञापालना गर्नुपर्ने, संधै सत्य वोल्नु पर्ने, आफ्नो कर्तव्य निर्वाह आचरणमा बसेर शिक्षा आर्जन गर्नुपर्ने व्यवस्था वेदमा उल्लेख गरेको पाइन्छ । यस अनुसार शिक्षाका उद्देश्यहरू चार प्रकारका छन : ऋणबाट मुक्त हुनु, चरित्र निर्माण गर्नु र नागरिक तथा व्यक्तित्व विकास गर्नु र नागरिाक तथा सामाजिक कर्तव्य पालनसम्बन्धी भावना जोड दिनु । हिन्दु दर्शन अनुसार शिक्षण संस्थाका रूपमा रहेका तुलन, चरण, घटिका गुरुकुल, विद्यार्थी, ब्रह्माणीय महाविद्यालयमा गएर विद्यार्थीले निश्चित आद, दिनचर्या ? खानपान, भेषभुषा गर्नु पदर्थ्यो । शिक्षकलाई "गुरुब्रह्मा, गुरु विष्णु, गुरु देवो महेश्वरको" स्थानमा राखिन्थ्यो । गुरुलाई सत्यको प्रतिकको रूपमा राखेर शिक्षा आर्जन गरिन्थ्यो । यसबाट हामि भन्न सक्छौ कि त्यति बेलाको विद्यार्थी अनुशारलाई गहनाको रूपमा लिइन्थ्यो ।

यस अध्ययनबाट विद्यार्थीहरू कक्षामा अनुशासित भएर बस्नुपर्ने कुरामा जोड दिइएको छ ।

"बौद्ध दर्शन अनुसार शिक्षा आर्जन गर्न पूर्ण रूपमा नियम र अनुशासन पालना गर्नुपर्ने कुरा बौद्ध दर्शनमा उल्लेख गरेका छन् ।" अतः बौद्ध धर्मका शिक्षाले विद्यार्थी अनुशासनलाई बढी मात्रामा जोड दिइएको पाइन्छ । बौद्ध धर्म अनुसार विद्यार्थीहरूले चोरी गर्नु हुँदैन, झगडा गर्नु

हुँदैन, असत्य नबोल्नु, शिक्षकहरूको आदर सत्कार गर्नु पर्ने व्यवस्था रहेको थियो । उपरोक्त सम्पूर्ण उद्देश्य पूर्तिको निम्ति विद्यार्थीहरूले भोजनावस्त्र, स्थानदेखि लिएर अनुशासन सम्मका सम्पूर्ण कुराहरूमा आत्म संयमि भएर कार्य गर्नु पर्दथ्यो । बौद्ध शिक्षाले विद्यार्थी अनुशासनलाई बढी जोड दिएको छ । विद्यार्थीका लागि फूलपाति टिप्ने, सम्पत्ति जम्मा गर्ने, सार्वजनिक स्थानमा तमासा हेर्ने, हानिप्रद खेलमा भाग लिने, शररुमि अलोकृत पोशाक लगाउने, गालि गलौज गर्ने, झगडा गर्ने कार्यपूर्ण रूपमा निशेधित गरिएका छन् । यसका साथै विद्यार्थीले शिक्षकलाई दाँतको दतिवन र पानि दिनेकाम उठ्ना साथ गर्ने शिक्षक बस्ने स्थान सफा गर्ने र भिक्षा गुरुसँगै माग्ने गर्नु, शिक्षक भन्दा चाँडै आएर खानाको व्यवस्था गर्ने, शिक्षकको सेवा गर्ने जस्ता भूमिका विद्यार्थीले पालना गर्नुपर्दछ । शिक्षकले सकेसम्म विद्यार्थीहरूलाई अनुशासनमा शिक्षा प्रदान गर्नु सम्पूर्ण उपायहरू अपनाइ अध्ययन अध्यापन गराइन्थ्यो । अत : त्यतिबेलाको धर्मले पनि शिक्षा आर्जनका लागि अनुशासनलाई जोड दिएको पाइन्छ ।

कोइराला (वि.सं. २०५७) ले नैतिक मूल्य र मान्यताहरूको सम्बन्धमा अगाडी यसरी उल्लेख गरेको छ : "भनिन्थ्यो मातृ देवो भवो, अतिथी देवो भव" आज त्यस्ता गुरु कहा गए । जानेका कुरालाई सबभन्दा पहिले चरित्रमा उतार्थे । त्यसपछि त्यसलाई विद्यार्थीमा पुऱ्याउन खोज्दथे । जस्तै सत्य वोल, जीवन सादा बनाउ, सोचाइ उच्च राख, दया करुणालाई कहिले नछोड, जतिसुकै ठूलो ओहदामा पुगेपनि विनम्रता नत्याग, सक्छौ भने अरुको भलो गर, अर्काको अहित हुने कुरा कुनै बेला पनि विचार सम्म नगर, कर्तव्यपथबाट नचुक आदि जस्ता चरित्रवान र आर्दश सिकाउने जिम्ममा लिएका गुरुहरू पहिले ति आदर्शहहरू स्वयं पालना गर्दथे र विद्यार्थीलाई पनि सिकाउँथे । (पृ. ४६०)

आफ्नो निम्ति घर बनाउने भन्दा बाटोमा हिड्नेका लागि पनि पाटि, पौवा, चौतारो बनाउने, आफ्नो निम्ति मात्र धारा, इनार, कुवा बनाउने भन्दा सार्वजनिक स्थलमा ढुगेंधारा, पोखरी, इनार बनाउने, कला, संस्कृति, धर्म र सभ्यताको पालना गर्ने र त्यस्ता काम गर्न पाएको र सकेकोमा आफ्नो जिन्दगीलाई सार्थक सम्झने परम्परा कहाँ गयो ? किन यति लोभ र स्वार्थी प्रवृत्ति बढ्यो ? यी सबै कुराका जरो कहाँ छ ? त भने रखोज्दा शिक्षा प्रणालीमै भएको दोषले त होइन भनेर भन्न थालिएको छ । भनिन्छ हिजो आजको शिक्षाले यस्तो ज्ञान सिकाउन बढी जोड दिएको छ । जसले उसलाई बढी उत्पादनशील बनाउन सक्दछ, के यस्ता कुरा पढ्दा र सिक्दा उसले चाँडै पुऱ्याउन सक्दछ । तिनै कुराको बाहुल्यता बढ्दै गएर यस्तो स्थिति आएको होइन ? चरित्र निर्माण गर्ने परिपाटिदेखि लिएर नैतिक मूल्य र मान्यताको परापूर्व कालदेखि स्थापित जगहरू नै उखेलिन थालेका त होइनन् ? कोही भन्छन् विद्यालय तहदेखि विश्वविद्यालय तहसम्मको शिक्षाले नैतिक शिक्षाको महत्त्वलाई उचित स्थान दिन नसकेर नै यस्तो भएको हो ।

यसरी कोइरालाका अनुसार हाम्रो मुलुकमा अपनाउने शिक्षा प्रणालीले पनि निम्न कुरालाई समेट्नु पर्ने प्रांवधान रहनु उचित देखिन्छ ।

- शिक्षण संस्थाहरूले समाजका असल कुराहरूलाई जगेर्ना गर्ने उचित थलो भएका हुँदा धार्मिक परम्परा, सांस्कृतिक मूल्य भएको हुँदा धार्मिक परम्परा, सांस्कृतिक मूल्य मान्यता, विविध पक्षहरूलाई शिक्षण संस्थामा स्थापित गर्नु पर्दछ ।
- नयाँ पिंढीहरूमा नैतिक, चरित्र र अनुशासनका पाठहरू सिकाउन आवश्यक छ ।
- शिक्षक कस्तो हुनुपर्दछ, उनीहरूमा पाइने ज्ञानको गहिराई, पेशाप्रतिको निष्ठा एवं इमान्दारिता र ति कुराहरू प्रतिको निष्ठा एवं इमान्दरिता र ति कुराहरूप्रति भएको लापर्वाहिताका असरहरू प्रति पनि समाज सजग रहनु पर्दछ ।

CERID (सन् २०००) ले नेपालको ग्रामिण क्षेत्रमा शिक्षाको सहभागितामा प्रभाव पार्ने तत्त्वहरूसम्बन्धी अध्ययनमा ग्रामिण क्षेत्रका प्राथमिक विद्यालयमा बालबालिकाहरूको सहभागिता कम गर्ने निर्धारित तत्त्वहरूमा परिवारको आय स्रोत, अभिभावकको शिक्षा एवं व्यवहार, घरायसी कामकाज, विद्यार्थी अनुशासन, विद्यालयसँग सम्बन्धित पक्ष, सामाजिक मूल्य मान्यता, परम्परा र अन्य विविध कारण रहेको निष्कर्ष निकालेका छन् ।

CERID (सन् २००६), नेपालमा समाहित शिक्षाको अवस्थाको बारेमा गरिएको निर्माणात्मक अनुसन्धान प्रतिवेदन अनुसार उद्देश्य अन्तर्गत विशेष बालबालिकाको अवाश्यकता अनुसारको शिक्षण विधि पत्ता लगाउन विशेष आवश्यकता भएका बालबालिकाहरूको शिक्षकको उत्तरदायित्व पहिचान गर्नु, समाहित कक्षाको प्रभावकारिता र अनुशासन नभएका दिएका कडा दण्डले सिकाइका समस्याको बारेमा अध्ययन गरेका थिए । यस अध्ययनल विद्यालयको वातावरणमा सुधार गरी सबैका लागि उचित किसिमका शैक्षिक वातावरण सिर्जना गरी शिक्षण क्रियाकलाप गर्नुपर्ने कुरामा जोड दिएका छन् ।

शैक्षिक निरीक्षण (वि.सं. २०६४) ले अभिभावकबाट विद्यालयमा निर्वाह गर्नुपर्ने भूमिकाका बारेमा जानकारि लिन दिन शिक्षक, विद्यार्थी र अभिभावको बीच घनिष्ट सम्बन्ध हुनुपर्दछ । विद्यार्थीहरूको चौतर्फि विकास गर्न विद्यालयमा शैक्षिक वातावरण राम्रो बनाउन कक्षा अनुशासन राम्रो गर्नु पर्ने कुरामा जोड दिएका छन् । शैक्षिक उपलब्धि सुधार गर्न कक्षा अनुशासन, नियमति पठनपाठन विद्यार्थीहरूले नियमित उपस्थिति हुनुपर्ने निष्कर्ष निकालेका छन् ।

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन

शिक्षा क्षेत्रमा क्रियाशिल व्यक्ति र समूहका लागि शैक्षिक आचारसंहिता (वि.सं. २०६३) ले शिक्षक आचार संहिता, अभिावक आचरा संहिता, विद्यार्थी आचार संहित, विद्यालय व्यवस्थापन समितिको आचार संहिता, स्थानिय समुदायका लागि आचारसंहिता कुराहरू उल्लेख गरिएको छ । जसमध्ये शिक्षक तथा विद्यार्थी तथा शिक्षक आचार संहितालाई  लिइएको छ ।

शिक्षा मन्त्रालय ( वि.सं. २०६२) का अनुसार विद्यार्थीहरले निम्न प्रकारका आचार र व्यवहारमा नियमहरू प्रति प्रतिवद्ध रहनु पर्दछ ।

**विद्यार्थी आचारसंहिता**

- सादा जीवन उच्च विचार व्यथित गर्नु,
- विद्यालयमा जातीय, लिङ्गीय, सम्प्रदायिक भेदभाव विरुद्ध क्रियाशील रहनु,
- लागुपदार्थ तथा अन्य दुव्यर्सनबाट टाढा रहनु,
- आचार संहिता विद्यालयको नियम पालना गर्नु,
- अभिभावकहरूसँग शिष्ट र सम्मानपूर्वक व्यवहार गर्नु,
- विद्यालय र अभिभावकबीच पुलको काम गर्नु,
- आफ्ना समस्या जिज्ञासा शिष्टता पुर्वक राख्नु,
- विद्यालयको आचारसंहिता निर्माणमा सहयोग गर्नु, पालना गर्नु,
- विद्यालयको वातावरण स्वच्छ तथा सफा राख्नु सहयोग पुऱ्याउनु,
- विद्यालयबाट आयोजित कार्यक्रममा सक्रिय सहभागिता जनाउन,
- विभिन्न अवान्छित क्रियाकलापमा लागेका साथिहरूलाई सम्झाउने काम गर्नु ।

शिक्षक आचारसंहिता

- आफूलाई खटाइएको ठाउँमा गई तोकिएको काम गर्नुपर्ने ।
- निर्धारित समयमा नियमित रूपले विद्यालयमा आए गएको समयलाई हाजिर हुनुपर्ने ।
- आफ्नो सेवासम्बन्धी कुरामा मतलब साध्य गर्ने मनसायले कसैमाथि पनि कुनै राजनैतिक वा अवान्छिनिय प्रभाव पार्नु वा प्रभाव पार्ने प्रयत्न गर्नु नहुने ।
- नेपाल सरकार वा प्रभाव पार्ने प्रयत्न गर्नु नहुने वा कुनै विदेशी राष्ट सँगको सम्बन्ध खलल पार्ने कार्य नगर्ने ।
- विद्यार्थीलाई योग्य नागरिक बनाउने उद्देश्य लिई अध्ययन अध्यापनलाई आफ्नो मुख्य लक्ष्य सम्झनु पर्ने ।
- आज्ञाकारिता, अनुशासन, सदभाव, सहयोग, सदाचार, सहानुभूति, धैर्य र सच्चरित्रतालाई प्रोत्साहन दिने ।
- कुनै भाषा, धर्म तथा समुदाय विरोधी भावना शिक्षक तथा विद्यार्थी वर्गमा फैलाउन नहुने ।
- नेपाल अधिराज्यको सार्वभौम सत्ता र अखण्डतामा आँच आउने कार्य गर्नु नहुने ।

ओलि, (वि.सं. २०६३) द्वारा तयार पारिएको "माध्यमिक तहमा छात्रा सहभागिताको अवस्था र त्यसलाई प्रभाव पार्ने तत्त्वहरू" नामक शोधपत्र अनुसार :- "कक्षा ९ र १० का विद्यार्थीहरू राष्ट्रिय गीत गाउँदा उपस्थित नहुने, कक्षामा उपस्थित नहुने, अतिरिक्त क्रियाकलापमा भाग नलिने र कक्षछोडेर भाग्ने कुरा उल्लेख गरिएको पाइयो ।" जस अनुसार केटाहरूमा कम अनुशासन र केटीहरू बढी अनुशासित देखिए । अध्ययनकर्ताका सुझाव अनुसार छात्र सहभागिता बढाउन र शैक्षिक उपलब्धिमा सुधार गर्न स्थानिय निकायले ध्यान दिनु पर्ने र अभिभावकहरूमा शिक्षासम्बन्धी कार्यक्रम संचालन गर्नुपर्ने देखियो ।

भण्डारी, (वि.सं. २०६६) द्वारा तयार पारिएको "माध्यमिक विद्यालय तहमा विद्यार्थी अनुशासनको अवस्था" नामक शोध पत्रका अनुसार- "विद्यार्थीहरूका व्यवहारलाई छुट्याउने आधारको रूपमा ऐन कानुन, विद्यार्थी आचारसंहिता परीक्षाका नियम, धार्मिक मान्यताहरू, सांस्कृतिक चालचलन र सामाजिक मूल्यमान्यताहरू रहेको पाइयो ।" अवस्था अनुसार हुनुपर्ने व्यवहार घरपरिवारमा मान्यजनको आज्ञापालन गर्नुपर्ने घरको काममा सहयोग गर्नुपर्ने देखियो । ठाउँ अनुसार विद्यार्थी अनुशासनलाई राम्रो अनुशासन, ठीकै अनुशासन, सामान्य उलङ्घन र गम्भिर उलङ्घन गरी चार तहमा बाँडियो । समग्रमा कक्षाकोठाको अनुशासनले शैक्षिक उपलब्धिमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा प्रभाव पारिरहेको पाइयो ।

## २.३ अवधारणात्मक ढाँचा

कक्षा अनुशासनले शिक्षक तथा विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा के कस्तो प्रभाव पारेको छ ? कक्षा अनुशासन र शैक्षिक उपलब्धि पत्ता लगाउन ? तथा विद्यालय वा कक्षाकोठामा अनुशासन कायम गर्न खोज्दा के कस्ता समस्याहरू आउन सक्दछन् ? आदि कुराहरू झल्काउन वा सजिलो होस् भन्ने दृष्टिले निम्न किसिमको मार्गचित्र तयार पारिएको छ ।

## कक्षाकोठामा शिक्षक तथा विद्यार्थी अनुशासनको अवस्था

**अनुशासनको स्थिति**

- व्यवहार छुट्याउने आधारहरू
- अवस्था अनुसार हुनुपर्ने व्यवहारहरू
- कक्षाकोठा भित्र देखिएका व्यवहारहरू
- व्यवहारमा देखिएका भिन्नता र तिनका कारणहरू

**अनुशासनले विद्यार्थीहरुको पठनपाठनमा पारेको प्रभाव**

- शिक्षण सिकाई क्रियाकलापमा
- विद्यार्थी शिक्षक बीचको सम्बन्ध,
- शिक्षकप्रति विद्यार्थीको धारणा,
- विद्यार्थी सक्रियता,
- विद्यार्थीका व्यक्तिगत अवस्थाहरु

**अनुशासन कायम गर्दा आइपरेका समस्याहरु**

- कक्षा छोड्ने समस्या,
- शिक्षणका क्रममा देखिएका समस्या,
- मूल्याङ्कन प्रक्रिया र गृहकार्य,
- पूर्वाग्रह,
- आर्थिक समस्या,
- दैनिक अभिलेखका समस्या
- शिक्षक तथा विद्यार्थी आचारसंहिताको पालना,

**अनुशासन कायम गर्न अपनाइएका उपायहरु**

- विद्यार्थीलाई प्रोत्साहन र दण्ड सजाय,
- शिक्षक विद्यार्थीबीचको सम्बन्ध
- अतिरिक्त क्रियाकलाप
- शिक्षक विद्यार्थी नियमितता तथा आचारसंहिताको निर्माण र प्रयोग
- अनुगमन

माथिको अवधाराणात्म ढाँचाबाट अनुसन्धान गर्दा कुन कुन पक्षलाई कसरी र कुन आधारमा हेर्न खोजिएको छ भन्ने कुरा स्पष्ट पार्न सहयोग गरेको छ ।

# परिच्छेद–तीन
# अध्ययन विधि

कुनै पनि अध्ययन अनुसन्धानलाई सफल पार्नका लागि अध्ययन विधिको महत्त्वपूर्ण भूमिका हुन्छ । सो कार्य पुरा गर्न त्यसमा विभिन्न तरिका र माध्यमहरू अपनाउन पर्ने हुन्छ । त्यस तरिका वा माध्यमलाई अध्ययन विधि भनिन्छ । के कस्तो उद्देश्य प्राप्तिको निम्ति, के कस्तो किसिमको सानध, स्रोत र प्रविधिको प्रयोग गर्ने, अध्ययन गर्ने क्रममा नमुनाको आकार कत्रो राख्ने, सूचना संकलनका साधनहरूलाई कसरी प्रमाणिकरण गर्ने भन्ने जस्ता कुराहरूलाई निश्चित तौरतरिकाहरूको प्रयोग गरी सूचना प्राप्त गर्नु नै अध्ययन विधि हो । यो अध्ययन अनुसन्धान "गुणात्मक तथा परिमाणात्मक" विधिमा निहित रही अध्ययन गरिएको थियो ।

## ३.१ अनुसन्धान ढाँचा

वास्तविक सूचना प्राप्तिको निम्ति के कस्ता स्रोत साधनहरूको प्रयोग गर्ने, ती स्रोत साधनलाई कसरी परिचालित गर्ने, कुन कुन सूचना प्राप्तिको निम्ति के कस्ता स्रोत र साधन आवश्यक पर्न सक्छन् भनि पूर्व निर्मित तालिकालाई नै अनुसन्धान ढाँचा भनिन्छ । अनुसन्धान ढाँचा, अनुसन्धान गरिने विषयवस्तुको प्रकृति, अध्ययनको उद्देश्य र संकलित सूचनाहरूको प्रकृति हेरी निर्धारण गरिएको थियो । निम्न लिखित अवलम्बनबाट प्राप्त सूचनाहरूलाई मिश्रीत रूपमा विश्लेषण र व्याख्या गरिएको छ ।

यस अध्ययन अनुसन्धानका लागि निम्न अनुसन्धान ढाँचाको प्रयोग गरिएको थियो ।

| उद्देश्य | सूचनको स्रोत (प्रतिक्रिया दाता) | सूचना संकलनका साधनहरू |
|---|---|---|
| कक्षाकोठामा अनुशासनको स्थिति पहिचान गर्नु । | प्र.अ., शिक्षक तथा कक्षा ५, ८ र ९ का विद्यार्थीहरू | कक्षा अवलोकन, शिक्षकहरूसँगको अन्तर्वार्ता, दस्तावेज अधयन |
| कक्षा अनुशासनले विद्यार्थीहरूको पठनपाठनमा पारेको प्रभाव पत्ता लगाउन । | प्र.अ., शिक्षक, विद्यार्थीहरूको सामुहिक छलफल, अभिभावक अन्तर्वार्ता | कक्षा अवलोकन, शिक्षकको अन्तर्वार्ता, अवलोकन फाराम, लक्षित समूह छलफल निर्देशिका, प्रश्नावली |
| विद्यालयमा कक्षा अनुशासन कायम गर्दा आइपरेका समस्या र अपनाइएका समाधानका उपायहरू पहिचान गर्नु । | प्र.अ., शिक्षकहरूको समूह, विद्यालय व्यवस्थापन समिति अध्यक्ष | प्र.अ.सँगको अन्तर्वार्ता, वि.व्य.स.का अध्यक्षको लागि खुल्ला प्रश्नावली, शिक्षकहरूको अन्तर्वार्ता |

## ३.२ नमुना छनोट प्रक्रिया

अध्ययन अनुसन्धानको प्रक्रियामा सम्पूर्ण जनसंख्यालाई समेट्नु नसकिने हुँदा वास्तविक र भरपर्दो सूचनाको निम्ति सम्पूर्ण जनसंख्याको प्रतिनिधित्व हुने गरी नमूनाको आकार छनोट गरिएको थियो । यस अध्ययन प्रक्रियाको नममुना छनोट निम्नानुसार गरिएको थियो ।

### ३.२.१ क्षेत्र छनोट

मध्यमाञ्चल विकास क्षेत्रको वागमति अञ्चलमा रहेको "काभ्रे जिल्लाका" ७८ गा.वि.स. र ३ वटा नगरपालिका मध्ये अध्ययनकर्तालाई पायक पर्ने उद्देश्यमूलक नमुना छनोटका दृष्टिले बनेपा नगरपालिकालाई छनोट गरिएको थियो ।

### ३.२.२ विद्यालय छनोट

क्षेत्रको रूपमा छनोट गरिएको बनेपा नगरपालिका स्थित वार्ड नं. ५ र ६ मा पर्ने ४ वटा सरकारी विद्यालयहरू छनोट गरियो । तिनको सूची अनुसूची १ 'क' मा राखिएको छ ।

### ३.२.३ विद्यार्थी छनोट

शिक्षकहरूको सल्लाह अनुसार कक्षा ५, ८ र ९ वाट २ जना छात्रा र २ जना छात्र असल व्यवहार भएका र २ जना छात्र र २ जना छात्रा अस्विकृत व्यवहार भएका ८ जना गरी प्रति विद्यालय २४ जनाको दरले ९६ जना विद्यार्थीलाई लक्षित समूह छलफलमा सहभागी गराइयो । त्यस्तै गरी व्यक्तिगत अवस्था अधययनका लागि २ जना विद्यार्थी छनोट गरियो । (अनुसूची १ 'ग' मा हेर्नुहोस्) ।

### ३.२.४ प्र.अ. तथा शिक्षकहरूको छनोट

सूचना संकलनको स्रोतको रूपमा सबै विद्यालयका प्रधानाध्यापकहरूसँग अन्तर्वार्ता लिइयो । साथै ४ वटै विद्यालयका ३/३ जना शिक्षकहरूलाई खुल्ला प्रश्नावली तथा अन्तर्वार्ता लिने कार्य गरियो । (अनुसूची १ 'ख' मा हेर्नुहोस्)

### ३.२.५ अभिभावक र विद्यालय व्यवस्थापन समितिको छनोट

अध्ययन छनोटमा परेका विद्यालयका २/२ जना अभिभावक र ४ वटै विद्यालयका वि.व्य.स. अध्यक्षसँग खुला प्रश्नावली तथा अन्तर्वार्ता लिइएको थियो । जसको विवरण पछाडि अनुसूची ८ र ९ मा राखिएको छ ।

## ३.३ अध्ययनका साधनहरूको निर्माण

सूचना संकलनको औजारको रूपमा तथ्याङ्क संकलनका साधनहरूलाई लिन सकिन्छ । वास्तविक एवं गुणात्मक सूचना संकलन गर्नको निम्ति निम्न साधनहरूको निर्माण गरियो ।

### ३.३.१ विद्यार्थी, प्र.अ. तथा अभिभावक अन्तर्वार्ता प्रश्नावली

कक्षाकोठामा शिक्षक तथा विद्यार्थी अनुशासनको अवस्था अध्ययन गर्न नमुना छनोटमा परेका विद्यार्थी, अभिभावक तथा प्र.अ.हरूसँग अन्तर्वार्ता लिई असल र अस्वीकृत व्यवहार गर्ने शिक्षक तथा विद्यार्थीहरूको पहिचान, अनुशासन प्रतिको धारणा, अवस्था तथा समस्याहरूमा उनीहरूको विचार लिइएको थियो । (अनुसूची २, ३ र ४ मा हेर्नुहोस्)

### ३.३.२ शिक्षक तथा वि.व्य.स. अध्यक्षका लागि खुल्ला प्रश्नावली

कक्षा अनुशासनले विद्यार्थीहरूको पठनपाठनमा के कति प्रभाव पारेको छ । अनुशासनसम्बन्धी शिक्षकको के धारणा छ ? अनुशासनले कक्षाकोठामा पारेको सकारात्मक तथा नकारात्मक प्रभाव थाहा पाउन नमुना छनोटमा परेका शिक्षक तथा वि.व्य.स. अध्यक्षहरूद्वारा खुल्ला प्रश्नावली भराई अनुशासन कायम गर्नका लागि गरिएका प्रयासहरू पहिचान गर्न र अनुशासनको स्तरमा सुधार गर्न खुल्ला प्रश्नावलीको निर्माण गरियो । (अनुसूची ५ र ६ मा हेर्नुहोला)

### ३.३.३ कक्षा अवलोकन फाराम

कक्षाकोठाभित्र शिक्षक तथा विद्यार्थी अनुशासनको स्थिति थाहा पाउन छनोटमा परेका प्रत्येक तहका कक्षाहरूमा ४/४ पटक कक्षा अवलोकन गरी सूचनाको सत्य तथ्य जानकारी लिने प्रयास गरिएको थियो । (अनुसूची ७ मा हेर्नुहोस्)

### ३.३.४ विद्यार्थीका लागि लक्षित समूह छलफल

विद्यार्थीका असल र अस्वीकृत व्यवहारहरू पत्ता लगाउन, अनुशासन कायम गर्नका लागि गरिएका प्रयासहरू पहिचान गर्न र अनुशासनको स्तर सुधार गर्ने उपायहरू पत्ता लगाउन विद्यार्थीका लागि लक्षित समूह छलफल निर्देशिका तयार गरियो । (अनुसूची ६ मा हेर्नुहोस्)

## ३.४ सूचना संकलन प्रक्रिया

यस अध्ययन अनुसन्धान कार्य पुरा गर्नका लागि अध्ययनकर्ता स्वयं अध्ययन क्षेत्रमा गएर सूचना संकलन गरियो । स-प्रमाण नमुना छनोटमा परेका विद्यालयमा जाने र विद्यालयका प्र.अ.लाई भेटेर आफ्नो अध्ययनको उद्देश्य स्पष्ट पारी अध्ययन गर्ने अनुमति र सहयोग लिइएको थियो । शिक्षक, विद्यार्थी छनोट जस्ता महत्त्वपूर्ण सम्बन्धित कार्यमा प्र.अ., शिक्षक, अभिभावक तथा वि.व्य.स. पदाधिकारहरूको सहयोग लिइयो । सुचनादाता र अध्ययनकर्ताबीच दोहोरो सम्बन्ध प्राप्त गरिएको थियो । क्षेत्र नोटको प्रयोग गरिएको छ र क्षेत्र नोटमा आफूले देखेका, सुनेका, बुझेका र उद्देश्य अनुसारका सूचनाहरू नोट गरिएका थिए ।

अध्ययनको उद्देश्य पूर्तिको निम्ति नमुना छनोट परेका शिक्षकसमूहसँग उपयुक्त बस्ने ठाउँ र समय मिलाई लक्षित समूह छलफल निर्देशिकाको प्रयोग गरिएको छ । साथै अभिभावकहरू सित पनि उपयुक्त समय मिलाई लक्षित समूह छलफल गराइयो । त्यस्तै कक्षा शिक्षणका बेला कम्तिमा पनि ४/४ दिन नमुना छनोटमा परेका तहका कक्षामा उपस्थित भई कक्षा अवलोकन गरिएको थियो र नमुना छनोटमा परेका छात्र/छात्राहरूको विद्यालय रेकर्ड फाइलहरूको पनि अध्ययन गरिएको थियो । साथै वि.व्य.स.का पदाधिकारीहरूलाई खुल्ला प्रश्नावली फाराम तयार गरी भर्न लगाइएको थियो । उपयुक्त समय मिलाई शिक्षक, विद्यार्थी र अभिभावकहरूसँग पनि अन्तर्वार्ता लिइएको थियो ।

## ३.५ सूचनाको विश्लेषण प्रक्रिया

अध्ययन अनुसन्धानकार्य एक जटिल कार्य हो । अध्ययन क्षेत्रबाट प्राप्त गरेको सूचना तवसम्म अर्थपूर्ण मानिदैन जवसम्म प्राप्त सूचनालाई आफै बोल्न सकिने तरिकाले प्रस्तुत गर्न सकिँदैन । प्राप्त सूचनालाई सबैले बुझ्न सक्ने स्वरूपमा ढाल्न, तालिका स्पष्ट पार्नु, स्तम्भ चित्र, वृत्त चित्र, बहुभुज, बक्ररेखाबाट देखाउन उपयुक्त ठानिन्छ । अर्थात् सूचना संकलन, सम्पादन, सांकेतिकरण, विश्लेषण र प्रश्तुतिकरण गरी आफै बोल्न सक्ने अवस्थामा पुऱ्याउन सक्नुपर्दछ । यस अध्ययन अनुसन्धानको अर्थबाट प्राप्त सूचनालाई सूचनाको प्रकृति हेरी विश्लेषण तथा व्याख्या गरिएको थियो ।

# परिच्छेद-चार

# सूचनाहरूको विश्लेषण र व्याख्या

"कक्षाकोठामा शिक्षक तथा विद्यार्थी अनुशासनको अवस्था" नामक शोधशिर्षकलाई पुरा गर्नको निमित यस अध्ययनलाई काभ्रे जिल्ला बनेपा नगरपालिकाभित्रका ४ वटा विद्यालयमा संचालन गरियो । यो अध्ययन "कक्षाकोठाभित्र अनुशासनको स्थिति पहिचान गर्नु, कक्षा अनुशासनले विद्यार्थीको पठनपाठनमा पारेको प्रभाव पत्ता लगाउन र विद्यालयमा कक्षा अनुशासन कायम गर्दा आई परेका समस्या र अपनाइएका समाधानका उपायहरू पहिचान गर्न" प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक र वि.व्य.स. अध्यक्षहरूको माध्यमबाट तथा उद्देश्य अनुसार कक्षा अवलोकन, खुल्ला प्रश्नावली, विद्यार्थीका लागि लक्षित समूह छलफल तथा अन्तर्वार्ता प्रश्नावली, प्र.अ. का लागि अन्तर्वार्ता प्रश्नावली, विद्यालयका दस्तावेजअध्ययनद्वारा सूचनाहरू संकलन गरी व्याख्या एवं विश्लेषण गरिएको छ ।

## ४.१ कक्षाकोठामा अनुशासनको स्थिति

भौतिक मापनमा जस्तो मनोवैज्ञानि मापनमा व्यक्तिका व्यवहार तथा क्रियाकलापलाई सजिलैसँग मापन गर्नु सम्भव हुँदैन र एकनासको परिणाम आउन पनि सक्दैन तर पनि अनुशासित व्यवहारका आधारमा कसरी पत्ता लगाउने ? असल अनुशासन, सामान्य अनुशासन, सामान्य उलङ्घन र गम्भिर उलङ्घनलाई कस्ता कस्ता क्रियाकलाप र व्यवहाका आधारमा छुट्याउने ? कक्षाकोठाभित्र अध्ययन अध्यापनका क्रममा शिक्षक तथा विद्यार्थीहरूको अनुशासनसम्बन्धी के धारणा छ ? शिक्षण कार्यका बेला शिक्षक तथा विद्यार्थी व्यवहारको स्थिति के कस्तो छ ? यसले विद्यार्थीहरूको शैक्षिक प्रगति के कस्तो भइरहेको छ ? गैर अनुशासित विद्यार्थीहरूका कारणले अनुशासित विद्यार्थीहरूको पठनपाठनमा के असल गरेको छ र शिक्षक पनि आफ्नो शिक्षण पेशा प्रति कति उत्तरदायि छ ? कक्षाकोठाको भौतिक व्यवस्थापन बाह्य वातावरणले कस्तो भूमिका निभाएको छ ? आदि कुराहरूको पहिचान गर्नु नै कक्षाकोठाभित्र अनुशासनको स्थिति पहिचान गर्न, शिक्षक तथा विद्यार्थी क्रियाकलाप र व्यवहारलाई मनोमानी ढंगले विश्लेषण गर्दा फरक पर्ने भएकाले सूचनादाताहरूको (शिक्षक, विद्यार्थी तथा कक्षाअवलोकनकर्ता) विचारलाई आधार मानि कक्षाकोठाभित्रको अनुशासनको स्थिति पहिचान गर्न सकिन्छ ।

अध्ययन क्षेत्रका विद्यालयसँग सम्बन्धित सूचनादाताहरूको विचार तथा प्रत्यक्ष कक्षा अवलोकनका आधारमा फरक फरक कक्षाहरूमा अनुशासनको स्थिति पनि फरक नै देखिनु आयो ।

### ४.१.१ शिक्षक तथा विद्यार्थीका व्यवहार छुट्याउने आधारहरू (शिक्षक तथा विद्यार्थी आचारसंसिहताका आधारमा)

कक्षाकोठाभित्र तथा बाह्य वातावरणमा विद्यार्थीका असल व्यवहार र अस्वीकृत व्यवहारलाई कुन आधारमा कसरी छुट्याउने भन्ने कुरामा सूचनादाताहरूको रूपमा रहेका चारवटै विद्यालयका प्र.अ.,

शिक्षक, विद्यार्थी तथा अध्ययनकर्ताको प्रत्यक्ष कक्षा अवलोकनका आधारमा निम्नानुसार उल्लेख गरिएको छ ।

कानुनको आधारमा लिङ्गगत र जातिगत हिसावले विद्यार्थीहरूलाई भेदभाव गर्नु हुँदैन भन्नु र त्यसै अनुरूप व्यवहार गर्नु असल व्यवहारभित्र पर्नु जान्छ भने लिङ्गगत र जातिगत हिसाबमा साथी संगतिसित भेदभावपूर्ण व्यवहार गर्नु कानुनको आधारमा अस्वीकृत व्यवहार मानिन्छ भन्ने कुरा देखियो । यसरी विद्यार्थीको व्यवहार छुट्याउनका लागि कानुनलाई एउटा आधारको रूपमा लिन सकिन्छ । किनभने कानुनले गर्नु भनेको कुरा गर्नुपर्दछ नगर्नु भनेको कुरा गर्नु हुँदैन । कानुन बमोजिम क्रियाकलापहरू अनुशासित क्रियाकलाप हुन भने कानुनको उलङ्घन अनुशासनको उलङ्घन हो ।

विद्यालय आचारसंहिताका आधारमा निश्चित समयमा विद्यालय आउन, छुट्टी भईसकेपछि मात्र घर फर्किनु, कक्षा छोडेर नजानु विद्यालयको नियममा बस्नु, आचारसंहिताको पालना गर्नु, विद्यालय प्रशासनले निर्धारण गरेका नियममा बस्नु जस्ता व्यवहरलाई असल व्यवहार भनिन्छ भने विद्यालयको नियम विपरित हुने कार्य गर्नु अस्वीकृत व्यवहारभित्र पर्दछन् ।

कक्षाकोठाभित्र शिक्षकले अध्यापन कार्य गर्दा शिक्षकको आज्ञापालन, नियमित गृहकार्य, कक्षाकोठाभित्र साथीहरूसँगको व्यवहार, शिक्षकले सोधेका कुराहरूको उत्तर, अधयापन गर्दा नबुझेका कुराहरू सोध्ने, कक्षामा हुने अतिरिक्त क्रियाकलापहरूमा भाग लिने, सबैसँग मित्रवत व्यवहार गर्नु, फरक धार्मिक संस्कृति तथा मूल्यमान्यता अपनाइएका साथिभाइहरूको कदर, विद्यालय पोशाकमा रहनु आदि कार्यहरू विद्यार्थी अनुशासनभित्र पर्दछन् । त्यस्तै शिक्षकले पनि आफ्नो विषयवस्तु प्रतिको दक्षता फरक फरक मनोविज्ञान बोकेका विद्यार्थीहरूसँगको व्यवहार, कक्षाकार्य तथा विद्यालय समयमा कुनै पनि खालको दुर्व्यसनीको प्रयोग नगर्नु, दैनिक पाठयोजना तथा वार्षिक पाठयोजना र विषयवस्तुको बोकेका उद्देश्यहरूको पूर्ति गर्नु सक्नु पर्दछ । दोस्रोलाई उज्यालो दिन खोज्नेले पहिला आफै बाल्न सक्नु पर्दछ भन्ने झैं शिक्षकहरूले पनि पहिला आफू अनुशासित भएर वस्नुपर्ने देखिन्छ । तव मात्रै विद्यार्थीहरूलाई अनुशासनको पाठ सिकाउन सकिन्छ ।

### ४.१.२ अवस्थाअनुसार शिक्षक तथा विद्यार्थीहरूमा हुनुपर्ने व्यवहारहरू

प्रत्येक व्यक्तिले आफ्नो राम्रो वा नराम्रो गुणको विकास घरपरिवारबाट निर्माण गर्दछ । थप गुणहरू विद्यालय तथा समुदायबाट सिक्दै जान्छ । व्यक्तिले ठाउँ वा क्षेत्र अनुसार देखाउने राम्रो गुणलाई असल व्यवहार र नालायक वा खराव गुणलाई अस्वीकृत व्यवहार भनिन्छ । विभिन्न क्षेत्रअनुसार विद्यार्थीमा हुनुपर्ने गुणलाई प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र अभिभावकको प्रतिक्रियाको आधारमा उल्लेख गरिएको छ ।

कक्षाकोठामा आफ्नो बस्ने ठाउँमा बस्नु, संधै कक्षाकोठा सफासुग्घर राख्नु, आफु पनि सफा भएर आउनु साथीसँग मित्रवत व्य्व्हार गर्ने, शिक्षकको आज्ञापालना गर्नु जस्ता असल व्यवहारहरू विद्यार्थीमा हुनु पर्ने गुण हुन भनि प्रधानाध्यापकले वताएका छन् । शिक्षकले कक्षाकोठाम हुनुपर्ने

विद्यार्थीका असल व्यवहारमा कक्षाकोठामा प्रवेश गर्दा र एक्कासी बाहिर जानुपर्दा शिक्षक सित अनुमति लिनुपर्ने, कक्षाकोठामा शान्त भएर बस्नु पर्ने दिएका कार्यहरू गर्नुपर्ने, आफुले नजानेको कुराहरूलाई मर्यादापूर्वक शिक्षक सित राख्नु पर्ने र नजान्ने विद्यार्थीहरूलाई सक्दो सहयोग गर्नुपर्ने जस्ता व्यवहारहरू हुन भनि बताएका  छन् । त्यसैगरी कक्षाकोठामा विद्यार्थीले गर्नुपर्ने अस्वीकृत व्यवहारहरूमा कक्षामा प्रवेश गर्दा अनुमति नमागि भित्र पस्ने, बस्दा कोच्चिएर बस्ने, शिक्षकले पढाइरहदा साथीसित गफ गरेर, हल्ला गरेर र हासेर वस्ने, गृहकार्य नगर्ने, अरु विद्यार्थीको सारेर देखाउने, प्रश्न सोध्दा आफू जान्ने हुँ भन्ने पाराले सोध्ने पढाइमा ध्यान नदिने, बाहिर निस्किदा होहल्ला गरी आफू पहिला निस्किन खोज्ने जस्ता गुणहरू अस्वीकृत व्यवहार हुन भनि विद्यार्थी, शिक्षक र प्रधानाध्यापकहरूले बताए ।

त्यस्तै शिक्षकहरूले पनि आफुले पठनपाठन गर्नुपर्ने विषयमा पाठले दिएको उद्देश्यका आधारमा पठनपाठन गराउनु पर्ने फरक फरक मनोविज्ञान वोकेका विद्यार्थीहरू संगको व्यवहार, कुनै पनि किसिमका लागु पदार्थको सेवन नगरी कक्षा शिक्षण गर्नु पर्ने, आफ्नो विषय प्रति दक्ष, विद्यार्थीले प्रश्न सोध्दा झोक्किएर र विद्यार्थीको मनोविज्ञानमा असर पर्ने गरी उत्तरहरू दिने जस्ता कार्यहरू अस्वीकृत व्यवहारहरू हुन भनि प्रतिक्रियादाताहरूको भनाइ देखिन्छ । प्रतिक्रियादाताहरूका अनुसार विद्यार्थीहरूले पनि कक्षा शिक्षणमा बेला शान्त भएर बस्नु पर्ने, नबुझेका कुराहरू शान्त भएर सोध्नु पर्ने, आज्ञाकारी आदरभाव र सहयोगी जस्ता व्यवहाहरू हुनुपर्ने कुरा औंल्याएका छन् । शिक्षकले नसुन्ने गरी गाली गर्ने, शिक्षकहरूलाई अनावश्यक उपनामहरू दिने, भेटहुँदा नमस्कार नगर्ने, शिक्षक कोठामा प्रवेश गर्दा नउभिने, नचाीहदो माग लिएर सबै एकै चोटी कार्यालयभित्र प्रवेश गर्ने, मनपरि वोल्ने जस्ता व्यवहारहरू अस्वीकृत व्यवहारहरू हुन सक्ने कुराहरू शिक्षक तथा प्र.अ. को प्रतिक्रिया विश्लेषणबाट देखिएको छ ।

अध्ययन क्षेत्रका चारवटै विद्यालयका प्रतिक्रिया दाताहरू (शिक्षक, प्र.अ. र विद्यार्थी)को आधारमा कक्षाकोठाभित्र शिक्षक तथा विद्यार्थीमा हुनु पर्ने सम्भावित व्यवहारका किसिमलाई अनुशासनका दृष्टीले तथा शिक्षाका आचारसंहिता तथा विद्यार्थी आचारसंहिताका आधारमा राम्रो अनुशासन, ठिकै अनुशासन, सामान्य उलंघन र गम्भीर गरी चार तहमा बाडेको छ ।

**तालिका नं.४.१**

**कक्षाकोठाभित्र शिक्षक तथा विद्यार्थीका व्यवहारका किसिमहरू**

| व्यक्तिहरू | राम्रो अनुशासन | ठिकै अनुशासन | सामान्य उलङ्घन | गम्भिर उलङ्घन |
|---|---|---|---|---|
| विद्यार्थीका व्यवहारहरू | राम्ररी पढ्ने, साथीसँग मित्रवत व्यवहार गर्ने, शैक्षिक एवं भौतिक सम्पत्तिको संरक्षण गर्ने, कक्षा सफा राख्ने आदी | दैनिक विद्यालय आउने, शिक्षकको आज्ञापलाना गर्ने । | कक्षाकोठामा कोच्चिएर बस्ने, कानेखुसी गर्ने, गृहकार्य नियमित नगर्ने आदि । | साथीसित झगडा गर्ने, केटी जिस्क्याउने, भौतिक सम्पत्तिको नोक्सान गर्ने |
| शिक्षकका व्यवहारहरू | शिक्षण गर्नुपर्ने विषयवस्तुमा दक्ष, नियमित कक्षा शिक्षण, सबै विद्यार्थीसँग समान व्यवहार | नियमित कक्षा शिक्षण, आफ्नो कार्यमा लागिरहने | विद्यार्थीहरूसँग झोक्किएर बोल्ने, मनपरि। कक्षा छोड्ने | कक्षाकोठाभित्र पान वा गुट्का खाएर थुक्ने कक्षामा अनावश्यक गफ गरि समय विताउने । |

स्रोत : कक्षा शिक्षक तथा प्र.अ. ।

माथिको तालिकाको आधारमा अध्ययन क्षेत्रका विद्यालयका शिक्षक तथा विद्यार्थीहरूकमा सबै व्यवहारहरू मिश्रित देखिन्छ ।

### ४.१.३ **कक्षाकोठाभित्र विद्यार्थीहरूमा देखिएका व्यवहारहरू** (शिक्षा ऐन नियमावली तथा कक्षा अवलोकनका आधारमा)

“कक्षाकोठामा शिक्षक तथा विद्यार्थी अनुशासनको अवस्था” नामक शोधकार्यलाई सम्पन्न गर्नका लागि काभ्रे जिल्ला बनेपा नगरपालिका वार्ड नं ५ र ६ मा पर्ने शिक्षासद उ.मा.वि., चैतन्य मा.वि. हिमालय उ.मा.वि. र आजाद उ.मा.वि. प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र कक्षा अवलोकनबाट प्राप्त सूचनाको विश्लेषणका आधारमा विद्यार्थीका असल र अस्वीकृत व्यवहारलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

घरपरिवारमा मान्यजनको आदर सम्मान गर्ने, आमाबाबुको आज्ञापालना गर्ने, संघै नम्र व्यवहार गर्ने, आमाबुवालाई घरको काममा सहयोग गर्ने, भाइबहिनीलाई माया गर्ने आपसमा बाडेर खाने, नराम्रो शब्द कसैसँग नबोल्ने जस्ता व्यवहारहरू स्वीकृत व्यवहार भएका कुरा अभिभावक अन्तर्वार्ता विद्यार्थीसँगको सामूहिक छलफलबाट देखियो भने अस्वीकृत व्यवहार भएका विद्यार्थीहरू घरमा आमा

बुबाको भनेको नमान्ने आमाबुबासँग झगडा गर्ने, भाइबहिनीलाई पिट्ने, दिनभरी डुल्ने जस्ता व्यवहारहरू अस्वीकृत व्यवहार गर्ने केटाकेहीहरूमा देखियो ।

कक्षाकोठामा विद्यार्थीको कक्षा अवलोकन गर्दा अनुशासित विद्यार्थीमा शिक्षक कोठामा प्रवेश गर्दा अभिवादन गर्ने, अनुशासित भएर बस्ने, गृहकार्य देखाउने, जिज्ञासापूर्ण व्यवहार राख्दा शिक्षकसित मर्यादित ढंगले कक्षा बाहिर जाने पर्दा सोधर जाने गरेको देखियो ।

शिक्षक र विद्यार्थीबाट आएका प्रतिक्रिया अनुसार अनुशासित विद्यार्थी आफ्नो ठाउँमा मात्र बस्ने, शिक्षकको आज्ञापालना गर्ने, कक्षामा शान्त भएर बस्ने गरेको देखियो भने अस्वीकृत व्यवहार गर्ने विद्यार्थीको अवलोकन गर्दा ठाउँ छदाछँदै कोच्चिएर बस्ने कानेखुसी गरिरहने, शिक्षक पढाइरहदा विनाकारण हासेर अरुलाई अवरोध खडा गर्ने जस्ता क्रियाकलापहरू देखिए । शिक्षक र विद्यार्थीबाट आएका सूचना अनुसार कोच्चिएर बस्ने, शिक्षकले पढाइरहदा साथीसँग गफ गरिरहने, हल्ला गरेर बस्ने, गृहकार्य नगर्ने, प्रश्न सोध्दा आफू जान्ने हुँ भन्ने पाराले प्रश्न सोध्ने पढाइरहँदा ध्यान नदिने, कक्षाबाट बाहिर निस्किदा होहल्ला गरी आफु पहिला निस्किन खोज्ने जस्ता व्यवहार देखाउने गरेको देखियो ।

कार्यालयमा देखिएको क्रियाकलापको बारेमा शिक्षक प्रधानाध्यापक र विद्यार्थीहरूबाट आएका विचारहरूलाई विश्लेषणात्मक रूपमा हेर्दा अनुशासित विद्यार्थीहरूले प्रधानाध्यापक र शिक्षकसित शिष्ट व्यवहार गर्ने गरेको, आज्ञापालन गर्ने गरेको कक्षाकोठाभित्र पस्नु परेमा शिक्षकको अनुमति लिने गरेको देखियो । प्रधानाध्यापकका विचारमा अनुशासित विद्यार्थी कक्षाकोठामा शान्त भएर बस्ने, दिएको कार्य पुरा गर्ने, साथीसँग मिलेर बस्ने, गुरुहरूको सम्मान गर्ने गर्दछन् । कम अनुशासित विद्यार्थीहरू शिक्षक र प्र.अ.ले नसुक्ने गरी गाली गर्ने, उनिहरूको नामकरण गर्ने, आज्ञापालन नगर्ने, विनाकाम कार्यालयमा पस्ने, अस्लील शब्दको प्रयोग गर्ने गर्दछन् भन्ने प्रतिक्रियाहरू प्राप्त भए ।

लिङ्गगत आधारमा लक्षित समूह छलफल तथा अन्तर्वार्तामा सहभागी गराइएका चारैविद्यालयका ४८ जना छात्रा र ४८ जना छात्रहरूमा गरिएको अध्ययनका विद्यार्थीका व्यवहारहरू ४ किसिमका वडी असल, सामान्य, असल, सामान्य अस्वीकृत र गम्भिर अस्वीकृतमा विभाजन गरी हेर्दा छात्र/छात्रहरूको व्यवहार निम्नानुसार देखिन आयो ।

**तालिका नं. ४.२**

**कक्षाकोठाभित्र विद्यार्थीहरूमा देखिएका व्यवहारहरू**

| व्यवहारहरू | केटा | केटी |
|---|---|---|
| बढी असल | ८ (१७%) | १३ (२७%) |
| सामान्य असल | २० (४१%) | २३ (४८%) |
| सामान्य अस्वीकृत | ११ (२३%) | ८ (१७%) |

| | | |
|---|---|---|
| गम्भीर अस्वीकृत | ९ (१९%) | ४ (८%) |
| | ४८ (१००) | ४८(१००%) |

स्रोत : स्थलगत अध्ययन, २०६७ ।

माथिको तालिका नं. ४.२ का अनुसार चारै विद्यालयका छनोटमा परेका केटा केटीहरूको व्यवहार हेर्दा ४८ जना केटाहरूमा बढी असल व्यवहार गर्ने ८ जना (१७%), सामान्य असल व्यवहारमा २० जना (४१%), सामान्य अस्वीकृत व्यवहार गर्ने ११ जना (२३%) र गम्भिर अस्वीकृत व्यवहार देखाउने ९ जना (१९%) देखिन आयो भने । केटीहरूमा बढी असल व्यवहार देखाउने १३ जना (२७ %) सामान्य असल व्यवहार देखाउने २२ जना (४८%), सामान्य अस्वीकृत व्यवहा देखाउने ८ जना (१७%) र गम्भिर अस्वीकृत व्यवहार देखाउने ४ जना (८%) देखिन आयो । समग्रमा भन्दा कक्षाकोठामा केटाहरूभन्दा केटीहरू बढी अनुशासित देखिन आए ।

## ४.१.३.१ व्यवहार अनुसार विद्यार्थीहरूको संख्यात्मक स्थिति

शिक्षासदन उ.मा.वि. का कक्षा ५ मा ७५ जना, कक्षा ८ मा ८० जना र कक्षा ७३ जना विद्यार्थीहरूमा गरिएको प्रत्यक्ष कक्षा अवलोकन तथा शिक्षकहरूको भनाईका आधारमा कक्षाकोठाभित्र स्वीकृत र अस्वीकृत व्यवहार गर्ने विद्यार्थीहरूलाई व्यवहार अनुसार विद्यार्थीहरूको संख्यात्मक स्थिति निम्नानुसार देखियो ।

**तालिका नं. ४.३**

**व्यवहार अनुसार विद्यार्थीहरूको संख्यात्मक स्थिति**

| असल व्यवहार | विद्यार्थी संख्या प्रतिशतमा | | | अस्वीकृत व्यवहारहरू | विद्यार्थी संख्या प्रतिशतमा | | |
|---|---|---|---|---|---|---|---|
| | कक्षा ५ | कक्षा ८ | कक्षा ९ | | कक्षा ५ | कक्षा ८ | कक्षा ९ |
| कक्षाकोठामा नियमित उपस्थित हुने | ६५ (८७) | ७४ (९२) | ६९ (९४) | कक्षाकोठमा नियमित उपस्थिति नहुने, | १० (१३) | ६ (८) | ४ (५) |
| गृहकार्य नियमित गर्ने | ६३ (८४) | ७४ (९२) | ६८ (९३) | कक्षाकोठामा बस्दा, कोच्चिएर बस्ने | १२ (१६) | ६ (७) | ५ (७) |
| साथीसँग राम्रो | ७१ (९५) | ७१ (८९) | ७० (९५) | गृहकार्य नगर्ने | ४ (५) | ९ (१२) | ५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| व्यवहार गर्ने | | | | | | | (७) |
| कक्षामा शान्त भएर बस्ने | ७३ (८४) | ६२ (७७) | ६३ (८६) | कक्षाकोठामा होहल्ला र गफ गर्ने | १२ (१६) | १८ (२२) | १ (१) |
| शिक्षकसँग राम्रो व्यवहार गर्ने | ७३ (९७) | ८२ (९०) | ६८ (९३) | फोहरी कुरा लेख्ने तथा जिस्किने | २ (३) | ८ (१०) | ५ (७) |
| कक्षा छोडेर जाँदा सोधर जाने | ६४ (८५) | ७३ (९१) | ६४ (८७) | शिक्षक पढाइरहदा कक्षा छोडेर जाने | ११ (१५) | ७ (९) | ९ (१२) |

स्रोत : कक्षा शिक्षक तथा कक्षा अवलोकन, २०६७ ।

माथिको तालिका नं ४.२ का अनुसार शिक्षा सदन उ.मा.वि. कक्षा ५ का विद्यार्थीहरूमा कक्षाकोठा नियमित उपस्थित हुने ६५ जना (८६%) कक्षा ८ मा ७४ जना (९२%) र कक्षा ९ मा ६९ जना (९४%) रहेका थिए । त्यस्तै कक्षाकोठा नियमित उपस्थित नहुने कक्षा ५ मा १० जना (१३%), कक्ष ८ मा ६ जना (८%) र कक्षा ९ मा ४ जना (५%) रहेका थिए र गृहकार्य नगर्ने कक्षा ५ मा ६३ जन ( ८४%), कक्ष ८ मा ७४ जना (९२%) र कक्षा ९ मा ६८ जना (९३%) रहेका छन् र गृहकार्य नगर्ने कक्षा ५ जना ४ जना (५%), कक्षा ८ मा ६ जना (७%), कक्षा ९ मा ५ जना (७%) रहेको पाइयो । साथीसँग राम्रा व्यवहार गर्ने विद्यार्थीहरूमा कक्षा ५ मा ७१ जना (९५%), कक्षा ८ मा ७१ जना (८९%) र कक्षा ९ मा ७० जना (९५%) देखियो भने कक्षाकोठामा बस्दा कोच्चिएर बस्ने विद्यार्थीहरू कक्षा ५ मा १२ जना (१६%) कक्षा ८ मा ६ जना (७%) र कक्षा ९० मा ५ जना (७%) देखिन आयो । कक्षामा शान्त भएर बस्ने विद्यार्थीहरूमा कक्षा ५ मा ६३ जना (८४%) कक्षा ८ मा ६३ जना (७७%) र कक्षा ९ मा ६३ (८६%) देखिए भने कक्षा कोठामा होहल्ला र गफ गर्ने विद्यार्थीहरूमा कक्षा ५ मा १२ जना (१६%) कक्षा ८ मा १८ जना (२२%) र कक्षा ९ र १० जना (१४%) देखिन आयो । शिक्षकसँग राम्रा व्यवहार गर्ने विद्यार्थीहरूमा कक्षा ५ मा ७३ (९७%), कक्षा ८ मा ८२ जना (९०%) र कक्षा ९ मा ६८ जना (९३%) देखियो भने फोहरी कुरा लेख्ने तथा जिस्किन विद्यार्थीहरूमा कक्ष ५ मा २ जना (३%) कक्षा ८ मा ८ जना (१०%) र कक्षा ९ मा ६४ जना (८७%) देखियो भने शिक्षक पढाइरहदा कक्षा छोडेर जाने विद्यार्थीरुमा कक्षा ५ मा ११ जना (१५%), कक्षा ८ मा ७ जना (९%) र कक्षा ९ मा ९ जना (१३%) देखिन आयो समग्रमा यस उ.मा.वि.को तिनै तहको कक्षामा अनशाुन ठीकै देखियो ।

चैतन्य मा.वि.को कक्षा अवलाकेन तथा कक्षा शिक्षकको प्रतिक्रियाको आधारमा कक्षा ५ का ६६ जना, कक्षा ८ का ८५ जना र कक्षा ९ का ७४ जना विद्यार्थीहरूको व्यवहार अनुसार कक्षाकोठाभित्र

स्वीकृत र अस्वीकृत व्यवहार गर्ने ,विद्यार्थीहरूको व्यवहार अनुसारको संख्यात्मक स्थिति निम्न तालिकाद्वारा स्पष्ट पारिएको छ ।

**तालिका नं. ४.४**

**व्यवहार अनुसार विद्यार्थीहरूको संख्यात्मक स्थिति**

| असल व्यवहार | विद्यार्थी संख्या प्रतिशतमा | | | अस्वीकृत व्यवहारहरू | विद्यार्थी संख्या प्रतिशतमा | | |
|---|---|---|---|---|---|---|---|
| | कक्षा ५ | कक्षा ८ | कक्षा ९ | | कक्षा ५ | कक्षा ८ | कक्षा ९ |
| कक्षाकोठामा नियमित उपस्थित हुने | ६१ (९२) | ८० (९४) | ६८ (९२) | कक्षाकोठमा नियमित उपस्थिति नहुने, | ५ (७) | ५ (५) | ६ (८) |
| गृहकार्य नियमित गर्ने | ५८ (८४) | ८२ (९६) | ७० (९४) | गृहकार्य नगर्ने | ८ (१२) | ३ (३) | ४ (५) |
| साथीसँग राम्रो व्यवहार गर्ने | ५४ (७३) | ८४ (८७) | ६६ (८९) | कक्षाकोठामा बस्दा कोच्चिएर बस्ने | १२ (२७) | ११ (१२) | ८ (१०) |
| कक्षामा शान्त भएर बस्ने | ६२ (९४) | ८१ (९५) | ६९ (९३) | कक्षाकोठामा होहल्ला र गफ गर्ने | ४ (६) | ४ (७) | ५ (६) |
| शिक्षकसँग राम्रो व्यवहार गर्ने | ५४ (८२) | ८२ (९६) | ७० (९५) | फोहरी कुरा लेख्ने तथा जिस्किने | १२ (१८) | ३ (३५) | ५ (५) |
| कक्षा छोडेर जाँदा सोधर जाने | ५८ (८८) | ७४ (७८) | ७० (९४) | शिक्षक पढाइरहदा कक्षा छोडेर जाने | ८ (१२) | ११ (१२) | ४ (५) |

स्रोत : कक्षा शिक्षक तथा कक्षा अवलोकन, २०६७ ।

माथिको तालिकाको तालिका ४.३ अनुसार चैतन्य मा.वि. कक्षा ५ का विद्यार्थीहरूमा कक्षाकोठामा नियमित उपस्थित हुने ६१ जना (९२%), कक्षा ८ मा ८० जना (९४%) र कक्षा ६८ (९२%) रहेका छन् । त्यस्तै कक्षाकोठामा नियमित उपस्थित नहुने कक्षा ५ मा ५ जना (७%), कक्षा ८ मा ५ जना (५%) र कक्षा ९ मा ६ जना (८%) रहेका छन् । कक्षा कोठामा शान्त भएर बस्ने कक्षा ५ मा ५८ जना (८८%), कक्षा ८ मा ८२ जना (९६%) र कक्षा ७० जना (९४%) रहेका छन् भने कक्षा कोठामा बस्दा कोच्चिएर बस्नेमा कक्षा ५ मा ८ जना (१२%), कक्षा ८ मा ३ जना (३%) र कक्षा ९ मा ४ जना (५%) रहेको पाइयो । गृहकार्य नियमित गर्ने विद्यार्थीमा कक्षा ५ मा ५४ जना (७३%), कक्षा ८ मा ८४ जना (९२%) र कक्षा ९ मा ६६ जना (८९%) रहेको भेटियो भने गृहकार्य नियमित नगर्नेमा कक्षा ५

मा १२ जना (२७%), कक्षा ८ मा ११ जना (१२%) र कक्षा ९ मा ८ जना (१०%) देखिन आयो । साथीसँग राम्रो व्यवहार गर्ने विद्यार्थीहरूमा कक्षा ५ मा ६२ जना (९४%), कक्षा ८ मा ८१ जना (९५%) र कक्षा ९ मा ६९ जना (९३%) देखियो भने कक्षाकोठामा होहल्ला र झगडा गर्ने विद्यार्थीहरूमा कक्षा ५ मा ४ जना (६%) कक्षा ८ मा ४ जना (७%) र कक्षा नौ मा ५ जना ६ प्रतिशत रहेको भेटियो । शिक्षक सँग राम्रो व्यवहार गर्ने विद्यार्थीहरूमा कक्ष ५ मा ५४ जना (८२%), कक्षा ८ मा ८२ (९६%) र कक्षा ९ मा ७० जना (९५%) रहेको भेटियो । कक्षा छोड्दा सोधेर जाने विद्यार्थीहरूमा कक्षा ५ मा ५८ जना ( ८८%), कक्षा ८ मा ७४ जना (८७%) र कक्षा ९ मा ७० जना (९४%) देखियो भने शिक्षक पढाइरहदा कक्षा छोडेर जाने विद्यार्थीहरूमा कक्षा ५ मा ८ जना (१२%), कक्षा ८ मा ११ जना (१२%) र कक्षा ९ मा ४ जना (५%) रहेको भेटिन आयो । समग्रमा यस मा.वि.को तीनै तहको कक्षाहरूमा ठिकै देखियो ।

हिमालय उच्च मा.वि.का छनोटमा परेका कक्षा ५, ८ र ९ मा कुल विद्यार्थी संख्या कक्षा ५ मा ७४ जना, कक्षा ८ मा ९० जना र कक्षा ९ मा ४४ जना विद्यार्थीहरूको प्रत्यक्ष कक्षा अवलोकन तथा शिक्षकहरूको भनाइ अनुसार असल व्यवहार र अस्वीकृत व्यवहार गर्ने विद्यार्थीहरूको व्यवहार अनुसारको संख्यात्मक स्थिति निम्न तालिका नं. ४.५ मा स्पष्ट पारिएको छ ।

**तालिका नं. ४.५**

**व्यवहार अनुसार विद्यार्थीहरूको संख्यात्मक स्थिति**

| **असल व्यवहार** | **विद्यार्थी संख्या प्रतिशतमा** | | | **अस्वीकृत व्यवहारहरू** | **विद्यार्थी संख्या प्रतिशतमा** | | |
|---|---|---|---|---|---|---|---|
| | **कक्षा ५** | **कक्षा ८** | **कक्षा ९** | | **कक्षा ५** | **कक्षा ८** | **कक्षा ९** |
| कक्षाकोठामा नियमित उपस्थित हुने | ७० (९२.६०) | ८६ (९५.५५) | ४३ (९५.४५) | कक्षाकोठामा नियमित | ५ (५.४०) | ५ (४.४५) | २ (४.५५) |
| कक्षाकोठामा शान्त भएर बस्ने | ७१ (९५.९५) | ८४ (९३.३३) | ४१ (९३) | कक्षाकोठामा बस्दा कोच्चिएर बस्ने | ३ (४.०५) | ६ (६.६६) | ३ (६.८२) |
| गृहकार्य नियमित गर्ने | ६७ (९०.५४) | ८० (८८.८८) | ३८ (८६.३९) | गृहकार्य नगर्ने | ५ (६.६७) | १० (११.११) | १ (२.२७) |
| साथीसँग राम्रो व्यवहार गर्ने | ९१ (९५.९५) | ८४ (९३.३३) | ४३ (९३.१८) | कक्षाकोठामा होहल्ला र झगडा गर्ने, | ७ (९.४५) | ६ (६.६६) | १ (२.२७) |
| शिक्षकसँग राम्रो व्यवहार गर्ने | ६८ (९१.८९) | ८३ (९२.२२) | ४१ (९३.१८) | फोहरी कुरा लेख्ने तथा शिक्षकसँग जिस्किने | ३ (४.०५) | ६ (६.६६) | १ (२.२७) |
| कक्षा छोड्दा सोधेर जाने | ५८ (८८) | ७४ (७८) | ७० (९४) | शिक्षक पढाइरहदा कक्षा छोडेर जाने । | ६ (८.११) | ९ (१०.००) | ५ (११.३६) |

स्रोत : कक्षा शिक्षक तथा कक्षा अवलोकन, २०६७ ।

माथिको तालिका नं. ४.४ का अनुसार हिमालय उच्च मा.वि.का विद्यार्थीहरूको व्यवहारको स्थिति हेर्दा निम्नानुसार देखियो । विद्यार्थीहरूमा कक्षा कोठामा नियमित उपस्थित हुनेमा कक्षा ५ मा ७० जना (९५%), कक्षा ८ मा ८६ जना (९६%) र कक्षा ९ मा ४३ जना (९३%) देखियो । कक्षा कोठामा नियमित उपस्थित नहुने विद्यार्थीहरूमा कक्षा ५ मा ४ जना (५%), कक्षा ८ मा ४ जना (४%) र कक्षा ९ मा २ जना (५%) देखिन आयो । कक्षाकोठामा शान्त भएर बस्ने विद्यार्थीहरूमा कक्षा ५ मा ७१ जना (९६%), कक्षा ८ मा ८४ जना (९३%) र कक्षा ९ मा ४१ जना (९३%) देखियो आयो । गृहकार्य नियमित गर्ने विद्यार्थीहरूमा कक्षा ५ मा ६९ जना (९३%) कक्षा ८ मा ८५ जना (९४%) र कक्षा ९ मा ४३ जना (९८%) देखियो भने गृहकार्य नियमित नगर्ने विद्यार्थीहरूमा कक्षा ५ मा ५ जना (७%), कक्षा ८ मा ५ जना (६%) र कक्षा ९ मा १ जना (२%) रहेको देखियो । साथीसँग राम्रो व्यवहार गर्ने विद्यार्थीहरूमा कक्षा ५ मा ६७ जना ९१ प्रतिशत कक्षा ८ मा ८० जना (८९%) र कक्षा ९ मा ३८ जना (८६%) देखियो भने कक्षा कोठामा होहल्ला र झगडा गर्ने विद्यार्थीहरूमा कक्षा ५ मा ७ जना (९%), कक्षा ८ मा १० जना (११%) र कक्षा ९ मा ६ जना (१४%) देखिन आयो । शिक्षकसँग राम्रो व्यवहार गर्ने विद्यार्थीहरूमा कक्षा ५ मा ७१ (९६%), कक्षा ८ मा ८४ जना (९३%) र कक्षा ९ मा ४३ जना (९८%) देखियो भने फोहरी कुरा लेख्ने तथा शिक्षक सँग जिस्किने विद्यार्थीहरूमा कक्षा ५ मा ३ जना (४%) प्रतिशत कक्षा ८ मा ६ जना (७%) र कक्षा ९ मा १ जना (२%) रहेको भेटियो । कक्षा छोड्दा सोधेर जाने विद्यार्थीहरूमा कक्षा ५ मा ६८ जना (९२%), कक्षा ८ मा ८३ जना (९२%) र कक्षा ९ मा ४१ जना (९३%) देखियो भने शिक्षक पढाइरहदा कक्षा छोडेर जाने विद्यार्थीहरूमा कक्षा ५ मा ६ जना (७%), कक्षा ८ मा ७ जना (८%) र कक्षा ३ जना (७%) रहेको देखियो । समग्रमा हेर्दा उक्त उ.मा.वि.को कक्षाकोठामा व्यवहार ठिकै किसिमको देखियो ।

आजाद उच्च मा.वि.का कक्षा ५, ८, ९ मा गरिएको प्रत्यक्ष तथा शिक्षकहरूको भनाइ अनुसार ५ का ७४ जना, कक्षा ८ का ८० जना र कक्षा ९ का ५४ जना विद्यार्थीहरूको असल व्यवहार र अस्वीकृत व्यवहारहरूलाई वर्गीकरण गरी हेर्दा विद्यार्थीहरूको व्यवहार अनुसारको संख्यात्मक स्थिति निम्न तालिकाबाट स्पष्ट पारिएको छ :

**तालिका नं. ४.६**

**व्यवहार अनुसार विद्यार्थीहरूको संख्यात्मक स्थिति**

| असल व्यवहार | विद्यार्थी संख्या प्रतिशतमा | | | अस्वीकृत व्यवहारहरू | विद्यार्थी संख्या प्रतिशतमा | | |
|---|---|---|---|---|---|---|---|
| | कक्षा ५ | कक्षा ८ | कक्षा ९ | | कक्षा ५ | कक्षा ८ | कक्षा ९ |
| कक्षाकोठामा नियमित उपस्थित हुने | ७० (९४.४) | ७४ (९२. ५) | ४९ (९०.७५) | कक्षाकोठामा नियमित उपस्थिति नहुने | ४ (५.४०) | ६ (०.७५) | ५ (९.२५) |
| कक्षाकोठमा शान्त भएर बस्ने | ६४ (८६.४८) | ६९ (८६.२५) | ४४ (८१.४८) | कक्षाकोठामा बस्दा कोच्चिएर बस्ने | १० (१३.५) | ११ (१३.७५) | १० (१८.५१) |
| गृहकार्य नियमित गर्ने | ५९ (७९.७२) | ६४ (८०) | ४२ (७७.७०) | गृहकार्य नगर्ने | १५ (२०.२७) | १६ (२०) | ४ (७.६०) |
| साथीसँग राम्रो व्यवहार गर्ने | ५५ (७४.३२) | ६० (७५) | ५० (९२.५९) | कक्षाकोठामा होहल्ला र झगडा गर्ने, | १९ (२५.६७) | २० (२५) | ४ (७.४०) |
| शिक्षकसँग राम्रो व्यवहार गर्ने | ६५ (८६.८३) | ७४ (९२.५) | ४१ (९२.५९) | फोहरी कुरा लेख्ने तथा शिक्षकसँग जिस्किने | ९ (१२) | ६ (७.५) | ४ (७.४०) |
| कक्षा छोड्दा सोधेर जाने | ६६ (८९) | ७० (८७.५) | ४८ (८८.८८) | शिक्षक पढाइरहदा कक्षा छोडेर जाने । | १४ (१४.८६.११) | २० (२५) | १४ (२५.९२) |

स्रोत : कक्षा शिक्षक तथा कक्षा अवलोकन, २०६७ ।

माथिको तालिका नं. ४.६ का अनुसार आजात उच्च मा.वि.का विद्यार्थीहरूको व्यवहारको स्थिति हेर्दा निम्नानुसार देखियो । विद्यार्थीहरूमा कक्षा कोठामा नियमित उपस्थित हुनेमा कक्षा ५ मा ७० जना ( ९४%), कक्षा ८ मा ७४ जना (९२%) र कक्षा ९ मा ४९ जना (९८%) देखियो । कक्षा कोठामा नियमित उपस्थित नहुने विद्यार्थीहरूमा कक्षा ५ मा ४ जना (५%), कक्षा ८ मा ६ जना (1%) र कक्षा ९ मा ५ जना (%) देखिन आयो । कक्षाकोठामा शान्त भएर बस्ने विद्यार्थीहरूमा कक्षा ५ मा ६४ जना (८६%), कक्षा ८ मा ६९ जना (८६%) र कक्षा ९ मा ४४ जना (८1%) देखियो आयो । कोच्चिएर बस्ने विद्यार्थीहरूमा कक्षा ५ मा १० जना (१३%), कक्षा ८ मा ११ जना (१४%) र कक्षा ९ मा १०

जना (१९%) देखियो । गृहकार्य नियमित गर्ने विद्यार्थीहरूमा कक्षा ५ मा ५९ जना (८०%) कक्षा ८ मा ६४ जना (८०%) र कक्षा ९ मा ४२ जना (७८%) देखियो भने गृहकार्य नियमित नगर्ने विद्यार्थीहरूमा कक्षा ५ मा १५जना (२०%), कक्षा ८ मा १६ जना (२०%) र कक्षा ९ मा ११ जना (२२%) रहेको देखियो । साथीसँग राम्रो व्यवहार गर्ने विद्यार्थीहरूमा कक्षा ५ मा ५५ जना (७४%), कक्षा ८ मा ६० जना (७५%) र कक्षा ९ मा ५० जना (९३%) देखियो भने कक्षा कोठामा होहल्ला र झगडा गर्ने विद्यार्थीहरूमा कक्षा ५ मा १९ जना (२६%), कक्षा ८ मा २० जना (२५%) र कक्षा ९ मा ४ जना (७%) देखिन आयो । शिक्षकसँग राम्रो व्यवहार गर्ने विद्यार्थीहरूमा कक्षा ५ मा ६५ जना (८८%), कक्षा ८ मा ७४ जना (९२%) र कक्षा ९ मा ५० जना (९३%) देखियो भने फोहरी कुरा लेख्ने तथा शिक्षकसँग जिस्किन विद्यार्थीहरूमा कक्षा ५ मा ९ जना (१२%) प्रतिशत कक्षा ८ मा ६ जना (५%) र कक्षा ९ मा ४ जना (४%) रहेको भेटियो । कक्षा छाड्दा सोधेर जाने विद्यार्थीहरूमा कक्षा ५ मा ६६ जना (८९%), कक्षा ८ मा ७० जना (८८%) र कक्षा ९ मा ४८ जना (९९%) देखियो भने शिक्षक पढाइरहदा कक्षा छोडेर जाने विद्यार्थीहरूमा कक्षा ५ मा ८ जना (१०%), कक्षा ८ मा १० जना (१३%) र कक्षा ९ मा ६ जना (११%) रहेको देखियो । समग्रमा हेर्दा उक्त उ.मा.वि.को कक्षाकोठामा व्यवहार ठिकै किसिमको देखियो ।

### ४.१.४ व्यवहारमा देखिएका भिन्नता र तिनका कारणहरू

विद्यार्थीका व्यवहारहरूमा समय, कक्षा, लिङ्ग, क्षेत्र र जातिय हिसावले पनि भिन्नताहरू हुने गरेको पाइयो । यसरी समय, कक्षागत, लिङ्गगत, क्षेत्रगत र जातिगत हिसाबल पाइएका भिन्नता र तिनका कारणहरू निम्न छन् ।

शिक्षकहरूको विचारमा २०६२/०६३ यता पहिला विद्यार्थी अनुशासन राम्रो रहेको, विद्यार्थीहरूको गुरुको आज्ञापालना गर्ने, गुरुहरूको कदर गर्ने गर्यो भने अस्वीकृत व्यवहार गर्ने विद्यार्थीहरू पनि सामान्य तथा कमै मात्रामा हुन्थे । २०६२/०६३ पछि आएर गुरुको आज्ञापालन नगर्ने, शिक्षकको निर्देशनमा नरहने, मान्यजनको आदर नगर्ने कुरा प्र.अ. तथा अभिभावको अन्तर्वार्ताबाट देखियो । यसरी समयगत हिसाबले विद्यार्थी व्यवहारमा फरक आउनका कारणमा शिक्षा क्षेत्रमा राजनीतिक प्रभाव बढ्दै गएको, शिक्षकहरूलाई राजनैतिक कार्यकर्ता हो भनि सोच्ने प्रवृत्ति, विद्यार्थीहरूले पढ्नु लेख्नुको साटो राजनैतिक अखडाको रूपमा विद्यालयलाई लिइएको पहिलेका विद्यार्थीभन्दा अहिलेको विद्यार्थी कम अनुशासित रहेको कुरा प्रधानाध्यापक र वि.व्य.स. पदाधीकारीको विचारमा देखियो । त्यस्तै केटीहरूभन्दा केटाहरू स्वभावले कम अनुशासित हुन्छन् । उनिहरू आफूले पनि गर्दा पनि आफ्नो इज्जत नजाने सम्झिने र आमाबुबाले पनि छोरीको तुलनामा छोरालाई बढी माया गरी स्वतन्त्र ऊ कुलतमा फस्ने तथा अनुशासन हीन हुँदै गएको प्रतिक्रियाहरू प्राप्त भए र समग्रमा केटीहरूको तुलनाा केटाहरू नै कम अनुशासित देखिए ।

शिक्षक अनुशासनको कुरा गर्दा तथा प्रतिक्रियादाता (प्र.अ. अभिभावक, वि.व्य.स. अध्यक्ष) हरूका अनुसार ०६२/०६३ पछि आएर राजनैतिक आडमा शिक्षण कार्य छोडी राजनीति गर्ने, खेताला शिक्षक राख्ने तथा समयमा विद्यालय नआउने । आफ्नो कार्यभन्दा पनि टाइमपासको रूपमा आफ्नो

शिक्षण पेशालाई लिइएको पाइयो । जसको कारण कक्षाकोठामा अनुशासनको स्थिति खस्कदैं गएको पाइयो ।

## ४.२ कक्षा अनुशासनले विद्यार्थीहरूको पठन पाठनमा पारेको प्रभाव

अनुशासनले विद्यार्थीहरूको पठन पाठनमा निश्चय नै सकारात्मक तथा नकारात्मक प्रभाव पार्दै आएको हुन्छ । यसरी पठन पाठनमा प्रभाव पार्ने तत्त्वहरू शिक्षण सिकाइ क्रियाकलाप, विद्यार्थी शिक्षकबीचको सम्बन्ध, विद्यार्थी सक्रियता हुन् ।

### ४.२.१ शिक्षण सिकाई क्रियाकलाप

कक्षा अनुशासनले विद्यार्थीहरूको पठन पाठनमा प्रभाव पार्ने विभिन्न तत्त्वहरू मध्ये शिक्षण सिकाइ क्रियाकलापलाई मुख्य तत्त्वको रूपमा लिन सकिन्छ । विद्यार्थीहरूको पठन पानठनमा कक्षा अनुशासनले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । कक्षा शिक्षणलाई प्रभावकारि ढंगले सु-सञ्चालन गर्न तथा शिक्षणका उद्देश्य पुर्ति गर्नु कक्षाकोठामा अनुशासन हुन जरुरी हुन्छ । अध्ययन क्षेत्रका चारै विद्यालयहरू शिक्षाशदन उ.मा.वि. चैतन्य मा. वि हिमालय उच्चका प्रतिक्रिया दाताहरू तथा प्रत्यक्ष कक्षा अवलोकनका आधारमा कक्षाकोठाभित्र शिक्षण सिकाइ क्रियाकलाप के-कस्तो देखिने सो कुराको अध्ययन गरियो । चारै विद्यालयका कक्ष ५, ८ र ९ कक्षाका अध्यापन गर्ने शिक्षकहरूसंगको अन्तर्वार्ताका आधारमा शिक्षकले कक्षा शिक्षण कार्य गर्ने बेला विशेष गरि विद्यार्थीहरू अनुशासित तवरले नै बस्ने गरेको भन्ने प्रतिक्रियाहरू प्राप्त भए । कक्षा ५ का विद्यार्थीहरू अनुशासित तवरले कक्षामा बसे पनि शिक्षकले शिक्षण गरेको विषयवस्तु के कति बुझे मूल्याङ्कन गर्दा लक्ष्य लिए अनुरूपको शिक्षण सिकाई नभएको भन्ने पाइयो । त्यस्तै कक्षा ८ तथा ९ का विद्यार्थीहरू शिक्षकले कक्षा शिक्षण गरि रहदा चकचके हल्ला तथा गफ गर्ने काने खुसी गर्ने शिक्षकहरूलाई जिस्काउने जस्ता कार्य गर्ने केहि विद्यार्थीहरूले पुरै कक्षा अवरोध र पढ्ने खालका विद्यार्थीहरूको पनि पठनपाठनमा अवरोध सृजना गर्ने भन्ने खालका प्रतिक्रियाहरू प्राप्त भए । तुलनात्मक रूपमा अनुशासन सामान्य खालको देखिन आयो । शिक्षण सिकाइ क्रियाकलापका बेला विद्याथीले बुझे नबुझेका कुराहरूको मूल्याङ्कन पनि केहि मात्रामा गरेको भेटिन आयो ।

प्रत्यक्ष कक्षा अवलोकन तथा विद्यार्थीहरू सितको लक्षीत समूह छलफलका आधारमा पाठयोजनाको निर्माण तथा शैक्षिक सामग्रीहरूको प्रयोग पनि कमै मात्रामा प्रयोग गरि अध्यापन कार्य गर्ने गरेको देखियो । जसले गर्दा कक्षा शिक्षणका बेला विद्यार्थीहरूलाई बोझ महसुस हुने देखियो । प्रतिक्रियादाता विद्यार्थीहरूका अनुसार पनि कक्षा अनुशासनलाई गहनाको रूपमा लिए पनि प्रयोग भने कमै मात्रामा भएको देखियो । शिक्षकले शिक्षण कार्य गर्दा नबुझेका कुराहरू पनि बुझै जस्तै गरि वस्ने जस्ता क्रियाकलापहरू भेटिए । विद्यार्थीहरू बीचैमा कक्षा छोडी जाने केटी जिस्काउने जस्ता क्रियाकलापहरूले पनि पठन पाठनमा प्रभाव पारेको देखिन आयो। कक्षा अवलोकन गर्दा प्रभावकारी कक्षा शिक्षणको लागी कक्षाकोठामा अनुशासन कायम गर्नुपर्ने हुन्छ । शिक्षण सिकाई वातावरण उपयुक्त एंव

प्रभावकारी बनाउन पनि कक्षा अनुशासन कायम गराउन पर्दछ । शिक्षक कक्षा शिक्षण सञ्चालन गर्ने प्रमुख व्यक्ति भएको कारणले स्वभावतह कसमा अनुशासन कायम गर्ने सिपहरू हुन जरुरी छ । अनुशासनसम्बन्धी सीप पता लगाउन निम्न पक्षहरूमा केन्द्रित भई सूचनाहरूको संकलन गरिएको थियो ।

- भित्र आउँदा र जादा सोधेर जाने वानिको विकास गरेर सहभागी हुने वानिको विकास गरेर ।
- कक्षामा हल्ला नगरी वस्ने र ध्यान दिएर शैक्षिक क्रियाकलापमा सहभागी हुने वानिको विकास गरेर ।
- प्रश्न सोद्धा उठेर सोध्न वानिको विकास गरेर ।
- कक्षामा आपसमा जिस्क्याउने झगडा गर्ने जस्ता क्रियाकलाप नियन्त्रण गरेर ।
- शिक्षक कक्षाकोठामा प्रवेश गर्दा उठ्ने वानिको विकास गरेर ।

माथि प्रस्तुत पक्षहरूमा केन्द्रित भइ संञ्चालन गरिएका सूचनाहरूको अधारमा अनुशासन कायम गर्ने सीपसम्बन्धी सूचनाहरू तालिका नं. ४.१० मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.७**

**अनुशासन कायम गराउने तरिका**

| विषय | शिक्षक संख्या | अनुशासन कायम गराउने शिक्षक संख्या | | |
|---|---|---|---|---|
| | | शिक्षकका अनुसार | विद्यार्थीका अनुसार | अवलोकन |
| सामाजिक | ८ | ८ | ७ | ८ |
| विज्ञान | ८ | ७ | ६ | ६ |
| नेपाली | ८ | ७ | ५ | ७ |
| जम्मा | २४ | २२ | १८ | २१ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७ ।

माथि प्रस्तुत तालिका नं. ४.१० लाई विश्लेषण गर्दा छनोटमा परेका २४ जना शिक्षक मध्ये समाजिक विज्ञान र नेपाली विषयमा क्रमश : ८, ६,र ७ जना शिक्षकले कक्षाकोठामा अनुशासन कायम गरिएको पाइयो । सबैभन्दा बदी समाजिक अध्ययन विषय अध्ययन गराउने शिक्षकहरूले अनुशासन गराएको कुरा कक्षा अवलोकनवाट पाइयो । कक्षा अवलोकनवाट जम्मा २४ जना शिक्षक मध्ये २१ जनाले कक्षाकोठामा अनुशासन कायम गराइएको पाइन्छ । शिक्षकका अनुसार २२ जना र विद्यार्थीका अनुसार १८ जनाले कक्षाकोठामा अनुशासन कायम राख्ने गरेको पाइन्छ । यसबाट कक्षाकोठामा अनुशासन कायम गराउने सीप सैद्धान्तिक र व्यवहारिक रूपमा रहेको पाइन्छ ।

माथि प्रस्तुत विश्लेषणबाट के निश्कर्ष निकाल्न सकिन्छ भने कक्षाकोठामा अनुशासन कायम गर्ने सीप सबैमा राम्रो रहेता पनि विद्यालयमा आफ्नै नियमले प्रभाव पार्ने पनि देखिन्छ । शिक्षकहरूमा अनुशासन कायम गर्ने सीप भएता पनि विद्यालयका सबै शिक्षकले कार्यन्वयन नगरेमा यसलाई प्रभावकारि वनाउन सकिदैन भन्ने निश्कर्ष निकाल्न सकिन्छ ।

### ४.५.२ विद्यार्थी शिक्षकबीचको सम्बन्ध

शिक्षका र विद्यार्थीको सम्बन्ध मालिक र नोकरको जस्तो हुनु हुदैन । शिक्षक र विद्यार्थीको सम्बन्ध मित्रवत र साथीको जस्तो हुन पर्दछ । विद्यार्थीले शिक्षकको नाम लिने वित्तिकै डराउने शिक्षकको नजिक नजाने जस्तो वतावरणको सृजना हुन हुदैन । विद्यार्थी आफ्नो समस्या शिक्षकलाई सजिलै भन्न सक्ने, जहाँ कही पनि मनमा लागेको कुरा सोध्न सक्ने वातावरणको सृजना हुनु पर्दछ । अध्ययन क्षेत्रका शिक्षक र विद्यार्थीको सम्बन्ध कस्तो छ भनि विद्यार्थीहरूको लागि लक्षित समूह छलफल गराइएको थियो । जस अनुसार विद्यार्थीका विभिन्न समूहले अलग-अलग धारण व्यक्त गरे जसमा कुनै शिक्षकसँग राम्रो सम्बन्ध भएको विद्यार्थीहरू शिक्षकसँग जाने वस्ने कुरा वताए, जहाँ भेटिए पनि विद्यार्थीले शिक्षकलाई अभिवादन गर्ने प्रश्न अथवा मनमा लागेका कुरा सजिलै सोध्न सक्ने, शिक्षकले पनि विद्यार्थीको नाम भनेर बोलाउने गरेको वताए भने कुनै शिक्षकहरू भने कक्षाकोठामा बाहेक बाहिर बोल्दै, नबोल्ने, प्रश्न सोध्दा झर्किने विद्यार्थीलाई टेर्दै नटेर्नै वारेको वताए । तर समग्रमा सबै विद्यार्थीहरूले व्यवहारमा आफ्ना सरहरूको सम्बन्ध राम्रै रहेको वताए ।

### ४.२.३ शिक्षक प्रति विद्यार्थीको धारणा

शिक्षकले विद्यार्थी सँग जस्तो प्रकारको व्यवहार गर्दछ, विद्यार्थीको शिक्षक प्रतिको धारणा पनि त्यसै अनुसार विकसित हुन्छ । शिक्षक कक्षाकोठामा अलौकिक व्यक्तिको रूपमा प्रस्तुत हुनु, विद्यार्थीलाई डर देखाएर शिक्षण गर्नु । शिक्षकले जस्तो प्रकारको व्यवहार देखायो शिक्षक प्रतिको विद्यार्थीको धारण पनि त्यसै अनुसार वन्दछ । अनुशासनका दृष्टिले शिक्षक प्रतिको विद्यार्थीको धारणा बुझ्नको लागि प्रत्येक विद्यालयबाट छनोटमा परेका कक्षा ५, ८ र ९ का लक्षीत समूह छलफल गर्दा प्रर्त्यक समूहले केहि सामूहिक भिन्न धारणाहरू व्यक्त गरे । जसमा सामान्यतया सबै शिक्षहरू ठिक छन् । राम्ररी पढाउछु कक्षा कोठामा सबैसँग समान व्यवहार गर्दछन् कक्षा शिक्षणमा पढाएको थाहै हुदैन, कक्षाकोठाभित्रै विद्यार्थीहरूलाई विभिन्न काम गर्न लगाउँछन् भनेर सकारात्मक धारणा व्यक्त गरे भने कतिपय सरहरू पढाउदा खेरी जान्ने विद्यार्थीलाई मात्र सोध्ने गर्दछन् । कक्षामा पढाएको पढाए राख्ने, खेलकुद खेलौभन्दा गालि गर्ने कक्षाकोठामा रिसाएजस्तो देखिने प्रश्नसोद्धा पनि डर लाग्ने वताए । यसरी शिक्षक प्रति विद्यार्थीको धारणा मिश्रीत रहेको छ । यसरी समग्रमा हेर्दा अझै सम्म पनि केहि शिक्षकमा विद्यार्थीलाई दण्ड दिनु पर्दछ भन्ने धारणा कायमै रहेको पाइयो ।

### ४.२.४ विद्यार्थी सक्रियता

कक्षा अनुशासनमा विद्यार्थी सक्रियताले महत्त्वपूर्ण भूमिका निभाएको पाइन्छ । कक्षा शिक्षणलई समूचित ढंगले अगाडी बढाउन शिक्षकका हरेक क्रियाकलाहरूमा विद्यार्थी पूर्ण रूपले भाग लिनु पर्ने देखिन्छ । जसले गर्दा पाठको लक्ष्य पुरा हुन जाने हुन्छ । अध्ययन क्षेत्रका विद्यालयहरूको प्रत्यक्ष कक्षा अवलोकनमा आधारमा शिक्षकले पढाइरहदा कक्षाकोठामा साथि जिस्काउने कानेखुसी गर्ने, गृहकार्य नगर्ने शिक्षकले पढाएको कुरा शिक्षण प्रभाव प्रभाव कारी रूपमा नचलेको देखिन्छ । तुलनात्मक रूपमा यस्ता उद्देश्य विद्यार्थीहरू न्यून भए पनि अरु पढ्ने विद्यार्थीहरूको पनि पढाइमा अवरोध सृजना हुने देखियो । यस्ता विद्यार्थीहरूलाई पनि अनुशानको घेरामा बाध्नु प्रयास गरिए पनि प्रभावकारी रूपमा लागु हुन नसकेको भेटियो, कक्षा शिक्षणका हरेका क्रियाकलापहरूमा विद्यार्थीलाई सक्रिय सहभागी गराई उनीहरूको मनोवल उच्च राखि प्रयोगात्मक रूपमा शिक्षण गराउन सके पढाइ राम्रो रूपमा संचालन गरि अध्ययन कार्य गर्दा राम्रो हुन्थ्यो भन्ने प्रतिक्रिवया शिक्षकहरूद्वाराआए पनि पूर्ण रूपमा लागु हुन भनेको नसकेको कक्षा अवलोकनद्वारा पुष्टि हुन्छ ।

यसरी समग्रमा हेर्दा चारै विद्यालयका अवलोकन गरिएका कक्षाकोठाहरूमा कक्षा अनुशासनले मिश्रित प्रभाव पारि रहेको देखिन्छ ।

### ४.२.५ विद्यार्थीका व्यक्तिगत अवस्थाहरू

अनुशासन भनेको प्रत्येका व्यक्तिको गहना हो भन्ने कविता केटी हिमालय उ.मा.वि. कक्षा ९ को एक जेहन्दार लगनशील परिश्रमी छात्रा हुन् । उनको अवस्था अध्ययनड गर्ने क्रममा उनलाई माया गर्ने साथी शिक्षक र अन्य व्यक्तिहरू सित गरिएको अन्तर्वार्ताका आधारमा उनमा भएका घरपरिवारदेखि विद्यालय र जन्मेदेखि अहिले सम्मका राम्रादेखि नराम्रा व्यवहार र ति व्यवहार देखिनुका कारणहरू समेत पत्ता लगाउने प्रयास गरि उनको अवस्था देखिनुका कारणहरू समेत पत्ता लगाउने प्रयास गरि उनको अवस्था अध्ययन गरिएको हो । सुचनादाताहरूवाट आएका प्रतिक्रिया अनुसार उनको व्यक्तिगत अवस्था निम्नानुसार रहेको पाइयो ।

असल व्यक्तिमा नभइ नहुने गुण अनुशासन हो भन्ने कविता केसी आफुलाई एक  अनुशासित केटीको रूपमा उभ्याउन सफल भएकी छिन् । विशेष गरि ६ जनाको परिवारमा हुकेर्कि कविता आमा विमला र बुवा करुण केसी की माहिली सन्तान हुन भने उनिभन्दा कान्छी एक बहिनी र एक भाई छन् । बुवा जागिरे र आमा सामान्य व्यापार भएर होला धेरै समय घरकै काममा व्यस्त भए पनि आफ्नो पढाई लाई पनि एक मुख्य कार्यको रूपमा लिँदै आएकी कविता शिक्षकले दिएका गृहकार्यहरूका साथै कक्षामा पनि एक नमुना अनुशासनका रूपमा उभिएकी पाइन्छीन् । त्यस्तै घरमा आएका पाहुनादेखि लिएर बाटो घाटोमा हिड्दाका बटुवासित समेत अनुशासित भएर बोल्ने गरेको पाइयो । भविष्यमा डक्टर बन्ने लक्ष्य लिएर आफ्नो अध्ययन कार्यमा लगनसील रूपमा लागि रहेकी कविता गाँउमा पनि नमुना केटी वनेकी देखिन्छिन् । आमाबाबुले सिकाएका असल व्यवहार र गुणहरू प्रत्येक इमान्दार छोराछोरीले सिक्नै पर्दछ भन्ने बीचार बोकेकी कविता सोही व्यवहार आफुमा पनि लागु गर्छिन। बुवा जागिरे र आमा व्यापार तिर

लागेकी हुदा कहिले काही घरको काममा बढी ध्यान दिँदा पढाइमा अलि अवरोध आउने कुरा उनि बताउछिन। कक्षाकोठामा शान्त भएर वस्ने, नजानेका कुरा सिकाई माग्ने जानेका कुरा साथी भाइहरूलाई सिकाइ दिने जिज्ञासा लागेका कुरा मार्यादापूर्वक शिक्षकलाई सोध्ने साथीहरूसँग मित्रवत व्यवहार गर्ने खेलखेल्दा खेलको नियम पालना गर्ने पुस्तकालयमा सोधेर प्रवेश गर्ने जस्ता यावत गुणहरू कवितामा भेटिन्छन् । उनले यस्ता व्यवहारहरू आफ्नो घरपरिवार साथीहरू शिक्षीकाहरू तथा आमाबावुबाट सिकेको कुरा पनि वताइन् ।

असल व्यवहारहरू पढाउन र अनुशासनलाई अझै उचाइमा पुऱ्याउन घरमा प्रत्येक विद्यार्थीका अभिभावकहरूले आफ्ना बालावालिका असल काम अध्ययनशील र लगतशील व्यवहार गरेमा राम्रो लाग्छ उनलाई त्यस्तै विद्यालयमा विद्यालय आचारसहिता शिक्षकहरूसँगको व्यवहार जस्ता कुराहरूको गर्न हुने र नहुने काम प्रति सचेत र आफ्ना कुलत तथा दुव्यसनमा लागेका साथिहरूलाई पनि यहि सुझाव दिन चाहन्छिन् । यसकारण कविता केसीले त्यस विद्यालयकै अनुशासित नमुना विद्यार्थी वनेर विद्यालयको शीर ठाडो पार्ने कार्य गरेकी छिन ।

अनुशासनलाई बन्धकको रूपमा परिभाषित गर्ने शिक्षासदन उ.मा.वि का कक्षा ८ का छात्र राजन तिमल्सीनाको अवस्था अध्ययन गर्दा उनका मिल्ने साथि संगी, घरपरिवार तथा शिक्षक शिक्षिकाहरूवाट आएको प्रतिक्रिया र प्रत्यक्ष रूपमा गरिएको अन्तर्वार्ताको माध्यमबाट भएका सुचनाको विश्लेषण गरी उनमा देखिएका व्यवहारहरूलाई वर्णनात्मक रूपमा यहाँ प्रस्तुत गरिएका ।

राजन तिमिल्सीना पाँच जनाको परिवारमा घरको जेठो सन्तानका रूपमा देखिन्छन् । उनीभन्दा कान्छो एक भाई तथा एक वहिनी छिन आमा सरिता तिमिल्सीना ता बुवा विसला तिमिल्सीनाका जेठा छोरा राजन अलि चकचके स्वभावका देखिए बुवा रोजगारको सिलसिलामा बाहिर गएका र आमा कृषि पेशामै संलग्न देखिन्छिन् । घरमा आमा सँगको व्यवहारका साथै बाटो हिड्ने बटुवा तथा कक्षाकोठामा शिक्षक शिक्षिका र साथिहरूको सँगको व्यवहारमा पनि नराम्रै व्यवहार गर्ने गरेको भेटियो । घरमा भाई बहिनी संग झगडा गर्ने आमा सँग अनावश्यक कुरा गरि खर्च माग्ने तथा झगडा गर्ने उनको वानि भेटियो । त्यस्तै कक्षा शिक्षणका बेला साथीहरूसँग जिस्किने शिक्षकलाई नसोधी कक्षामा बाहिरभित्र जाने शान्त भएर बस्न नसने उनको वानि भेटियो ।

उनले आफुले सुधार्ने व्यवहारको रूपमा साथीसँगीको लहलहैमा लागेर विनाकाम डुलीरहने पढाइमा ध्यान नदिने घरमा आमालाई सहयोग नगर्ने भाइ बहिनीलाई पिट्ने, आमा नभएको बेला आउने साथिहरूसँग मिले बस्न नसक्ने जस्ता व्यवहारहरू रहेका छन् ।

आफु र आफु जस्तै व्यवहार भएका साथीहरूको यस व्यवहारहरू कम गर्न विद्यालयमा विद्यार्थी आचार संहिताको निर्माण र कार्यान्वयन गरिनुपर्ने ढिलो गरि विद्यालय पंक्ति र कक्षाकोठामा नआउने विद्यार्थीलार्य सजाय गरिनु पर्ने अनुशासित विद्यार्थीलाई अनुशासनको प्रमाणपत्र सुरुकार र छात्रवृति प्रदान

गर्ने शिक्षककहरूले पनि अनुशासित नमुना शिक्षकको रूपमा प्रस्तुत हुनु पर्ने जस्ता कार्यहरू विद्यालय प्रशासनले गरिदिए हुन्थ्यो जस्तो लाग्छ भनी राजन तिमिल्सीताले वताए ।

यसरी उनले दिएको सुचनाको आधारमा थप कुराको के भन्न सकिन्छ भने घरमा आमा मात्र हुनाले पनि राजन आमाको कुरा नटेर्ने साथीको संगतमा लागेर डुलिरहने उनका बुवाले पनि दुई/चार दिनको लागि घरमा आउँदा छोरा सित नमिठो के बोल्नु भनि माया गर्ने र त्यति धेरै चासो र समय दिन नसक्नुले पनि केही नराम्रा गुणहरू देखिएका हुन सक्छन् । राम्रो संगत र वातावरण पाएमा राजन छिट्टै आफ्ना नराम्रा वानि सुधार्न सक्ने र सुधार्न चाहेको पनि यस अध्ययन बाट दखिन्छ ।

## ४.३ अनुशासन कायम गर्दा आइ परेका समस्याहरू

अनुशासन कायम गराउँदा आइपरेका समस्याहरू पत्ता लगाउन अध्ययन क्षेत्रका चारै विद्यालयहरूका प्रधानाध्यापक र वि. व्य.स अध्यक्षहरूसँगको अन्तर्वार्ताबाट प्राप्त सुचनाहरूको अनुसार अनुशासन पालना गर्नु आइ परेका समस्याहरू निम्नानुसार रहेका देखिए ।

### ४.३.१ कक्षा छोड्ने समस्या

कक्षा शिक्षणका समयमा विद्यार्थीले कक्षा छोड्ने मुख्य समस्या हो जसले गर्दा विद्यार्थीहरूले शैक्षिक उपलब्धिमा प्रत्यक्ष असर पुऱ्याएको हुन्छ । अध्ययन क्षेत्रका चारवटै विद्यालयका प्रधानध्यापक व्यवस्थापन समितिका अध्ययक्षहरूसँगको अन्तर्वार्ताबाट प्राप्त सुचना अनुसार विद्यालयमा अनुशासनको अवस्था एकदमै नाजुक र जारजस्ती अनुशासन पालन गर्नु लगाउदा दण्डको प्रयोग गर्नु पर्ने दण्डको प्रयोग गर्दा एक हप्तासम्म घरैमा वसि दिने कक्षा छोडेर भाग्ने शिक्षककहरूसँग अपशब्द बोल्ने कक्षामा मनपरि बाहिरभित्र गर्ने जसले गर्दा पढि रहेका विद्यार्थीहरूको पनि अध्ययन कार्यमा बाधा परेरहेको भन्ने कुराहरू प्राप्त भए । अध्ययन कर्ताको कक्षा अवलोकनबाट पनि के भन्न सकिन्छ भन्ने कक्षामा यस्ता विद्यार्थीहरूको संख्यात्मक विवरण न्यून भए पनि अरु लगनसील विद्यार्थीहरूले पनि यो समस्याको सिकार बन्न पुगेका देखिन आयो ।

### ४.३.२ शिक्षणका क्रममा देखिएका समस्या

शिक्षण एक चुनौतिपूर्ण कार्य हो । एउटा शिक्षकले कक्षाकोठामा प्रस्तुत भई विषयवस्तु सरसर्ति मात्र पढाउन नभइ विद्यालयसँग सम्बन्धित सम्पूर्ण भूमिका निर्वाह गर्नुपर्दछ । शिक्षकले आफ्नो पेशालाई मर्यादित वनाउनको लागि शिक्षक विद्यार्थी अभिभावक प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिसँग राम्रो सहकार्य गर्नु पर्दछ । शिक्षणका क्रममा देखिएका समस्याहरूको बारेमा केन्द्रित भएकोले शिक्षण सिकाइ क्रियाकलापमा तपाईलाई के-के समस्या छन् ? र कसरी समाधान गर्नु हुन्छ भन्ने प्रश्नको उत्तरमा शिक्षकहरूको धारणा निम्नानुसार पाइयो ।

**तालिका नं. ४.८**

**शिक्षणका क्रममा देखिएका समस्याहरू**

| समस्याहरू | शिक्षक संख्या | प्रतिशत |
|---|---|---|
| अत्याधिक विद्यार्थी चाप हुनु | १० | २४ |
| भाषागत समस्या र पिछडिएका बालवलिका हुनु | १६ | ३९ |
| शिक्षण सामग्रीको अभाव | ८ | २० |
| भौतिक सुविधा तथा विद्यार्थीको कमजोर आर्थिक स्थिति | ७ | १७ |
| **जम्मा** | ४१ | १०० |

स्रोत : स्थलगत अध्ययन : २०६७ ।

माथिको तालिका अनुसार शिक्षणका क्रममा देखिएका विभिन्न समस्याहरूमा फरक-फरक धारणा व्यक्त गरेका हुन् । जसमा १० जना शिक्षक ( २४%) ले विद्यालयमा अत्यधिक विद्यार्थी चाप भएकाले सरल र सहज ढंगले अध्यापन गर्न अप्ठ्यारो भएको बताए सबभन्दा बढी १६ जना (३९%) शिक्षकहरूले भाषागत समस्या अत्याधिक रहेको वताए । ८ जना शिक्षक (२०%) ले विद्यालयमा विषयवस्तु अनुकुल शैक्षिक सामग्री नहुदा समस्या भएको वताए भने बाँकि ७ जना (१७%) शिक्षकले विद्यालयमा भौतिक सुविधाको कमि र विद्यार्थीको कमजोर आर्थिक अवस्थाले विद्यार्थीले कापि कलम पनि किनेर नल्याउने गरेको वताए ।

अध्ययन क्षेत्रका शिक्षकहरूले दिएका धारणाहरूको विश्लेषणा गर्दा ४ वटै विद्यालयहरूमा अत्यधिक विद्यार्थी चाप देखिएको छ । कुनै कक्षामा पनि ५० जनाभन्दा विद्यार्थी कम छैनन्, विद्यार्थीहरू अव्यवस्थित ढंगले वसेका हुन कुनै ठाँउमा कक्षाकोठाको साइज पनि साना हुन् । त्यसमा त झनै समस्या देखिएको छ । अधिकांश शिक्षकहरू जसमा ३८% ले भाषागत समस्या भएको वताए । साथै शिक्षण साम्रग्रीको अभाव साझा समस्याको रूपमा देखिएको छ । अर्को समस्या भनेको भौतिक सुविधाको कमि हुन र गरिबिको कारण देखिएको छ । कक्षा अवलोकनको क्रममा पनि प्रत्येक विद्यालयमा अत्याधिक विद्यार्थी चाप पाइयो भने प्रायः जसो विद्यालयका भवनहरू टिनले छाएका थिए । टिनले छाएका घरहरू भएकोले गर्मिमा धेरै गर्मि र जाडोमा धेरै जादो हुने समस्या देखिएको छ ।

### ४.३.३ मूल्याङ्कन प्रक्रिया र गृहकार्य

जुन उद्देश्यले शिक्षण सिकाइ क्रियाकलाप गरिन्छ । सोहि वमोजिम उद्देश्यहरू प्राप्त भए भएन भनि मूल्याङ्कन गरिन्छ । शिक्षकले जति सुकै राम्रो पढाए पनि सोको मूल्याङ्कन हुन आवश्यक हुन्छ । प्रत्यक्ष कक्षा आवलोकनका आधारमा अध्ययन क्षेत्रका चारै विद्यालयहरूका शिक्षकले कक्षा शिक्षणमा विद्यार्थी मूल्याङ्कन खासै गरेको देखिँदैन । तुलनात्मक रूपमा पाठको प्रस्तुति पश्चात जान्ने विद्यार्थीहरूलाई मात्र प्रश्न सोध्ने सबै विद्यार्थीहरू सित समान व्यवहार नगरेको देखियो । जसले गर्दा विद्यार्थी अनुशासनमा वस्न नसकेका भेटिए । त्यस्तै शिक्षकले गृहकार्य दिने मात्र गृहकार्य गरे नगरेको दोस्रो दिन सोध्ने मात्र तर समय मिलाइ गृह कार्य जाच नगर्दा सम्मस्या देखियो ।

समग्रमा हेर्दा मूल्याङ्कन प्रक्रिया तथा गृहकार्यका कारण पनि अनुशासन कायममा सबै विद्यालयहरूमा समस्याको रूपमा रहेको पाइयो ।

### ४.३.४ पूर्वाग्रह

कक्षा शिक्षणका क्रममा विद्यार्थीले अनुचित कार्य गरे वाफत दण्डित गदा विद्यार्थी र अभिभावकले शिक्षकले पुरानो वा घरको रिसको कारण कुटेको हो मेरो वावु र नानीको कुनै दोश थिएन भन्ने समस्याहरू देखिए भनेर अध्ययन क्षेत्रका प्रधानध्यापकहरूले वताए । विद्यालयमा एक जना विद्यार्थीले गल्ति गर्दा उसलाई सजाय दिन खोज्दा पुरै समाज पनि उसकै पक्षमा लागि शिक्षकहरू सित झगडा समेत गर्न खोज्ने खालका अभिभावकहरू समेत छन् । जसले गर्दा विद्यार्थीहरूवाट यस्ता गल्तिहरू दोहोरिए पुरै विद्यालयको वातावरण खलवलि भइरहेको प्रतिक्रियाहरू प्राप्त भए । गल्तिको सजय नमिल्दा गलिहरू दोहोरिन गई रहेको प्रतिक्रियाहरू आए । अध्ययन क्षेत्रका चारै विद्यालयहरूको यसमा एकै मत रहेको देखिन आयो ।

### ४.३.५ आर्थिक समस्या

अनुशासन पालना गर्दा केवल दण्डको बाटो मात्र अपनायो भने विद्यार्थीहरूले झन उग्रदप लिने हुन्छन् । अनुशासन पालना गराउँदा पुस्कारको ठूलो भूमिका रहन्छ । यसका लागि कक्षा सिकाइ उपलब्धिको वार्षिक नतिजासँग वा बेला वेलामा अनुशासित विद्यार्थीहरूलाई पुरस्कृत गर्नु पर्ने र यसका लागि आर्थिक अवस्था मजवुद हुन पर्ने हुनाले यस आर्थिक समस्या तथा विद्यार्थीहरूको वानि घरमा आर्थिक अवस्था कमजोर हुदा समयमा कानि कसम तथा विद्यालय पोशाकको समेत कमि भई विद्यालय आचार संहित तथा अनुशासनको परिधिभित्र नरहन सक्ने समस्या अभिभावक अन्तर्वार्ताका आधारमा प्रतिक्रियाहरू प्राप्त भए । जसकारण आर्थिक समस्याका कारण पनि अनुशासनको पालन गर्न नसकिएको जानकारीहरू प्राप्त भए ।

### ४.३.६ दैनिक अभिलेखको समस्या

विद्यार्थीले विद्यालय समयभित्र के कस्ता क्रियाकलापहरू गर्दछ भनि विद्यार्थी व्यवहार हेर्न एक मूख्य तत्त्वको रूपमा दैनिक अभिलेखलाई लिइन्छ । सम्पूर्ण विद्यार्थीहरूले गरेका गल्ति वा अनुचित व्यवहारको अभिलेख राख्नु कठिन हुने हुंदा विद्यार्थी अभिलेखमा एकरूपता आउन नसक्ने एउटा गल्ति गर्ने दोसोले सजाय पाउने पक्षपातको सृजना हुने हुनाले दैनिक अभिलेखलाई अनुशासनको पालना गर्नु तथा गराउन आउने समस्याको रूपमा लिइएको छ भन्ने कुरा चारै विद्यालयका प्रधानाध्याकहरू संगको अन्तर्वार्ताबाट प्राप्त भयो ।

### ४.३.७ शिक्षक तथा विद्यार्थी आचारसंहिताको पालना

शिक्षक तथा विद्यार्थीहरूलाई अनुशासनको डोरिमा बाध्ने कडिको रूपमा शिक्षक तथा विद्यार्थी आचार सहितालाई लिइन्छ । नियम कानुनमा जे -सुकै कुरा लेखिएता पनि पूर्वा रूपले विद्यार्थीले विद्यार्थी

आचार सहिता र शिक्षकले शिक्षक आचार सहिताभित्र नरहेका प्रतिक्रिया प्र.अ.हरूवाट प्रयास भए शिक्षकहरूले राजनितक दलको आड तथा व्यवस्थापन समितिको आडमा विद्यालयमा राजनिति गर्ने मुख्य कार्य बाहेक अरु काममा वढि ध्यान दिने मासिक तलव खानु पाए पुग्यो भन्ने धारणा भएका न्यून शिक्षककहरूका कारणा अरु शिक्षक पनि यसको सिकार हुन बाध्य देखिन्छन् र त्यस्तै विद्यार्थीहरू पनि समयमा विद्यालय नआउने कक्षा कोठामा मनपरि बाहिरभित्र गर्ने शिक्षक तथा प्र.अ.ले सजाय दिन खोज्दा उल्टै झगडा गर्ने र अभिभावक समेत आफ्ना छोरा छोरीको गल्ति नदेखि विद्यालय प्रशासनलाई धम्कि दिन खोज्ने गल्ति गर्ने विद्यार्थीलाई छोड्दा यस्तो प्रवृति दोहरिने तथा विद्यालय वतावरण झन विग्रिरहेको कुरा चारै वाट विद्यालय प्र. अ. हरू सितको अन्तर्वार्ताबाट प्राप्त भयो र अध्यपनकर्ताको अवलोकनका आधारमा पर्ना यस्ता प्रवृति भएका शिक्षक विद्यार्थी कमै भए पनि उनिहरूले आफ्नो गल्तिको सजाय नपाउदा यो प्रवृतिले ठूलो रूपलिइ समस्या झन वजिने कुरा देखिन आयो ।

## ४.४ अनुशासन कायम गर्न अपनाइएका उपायहरू

कुनै पनि कार्यको थालनीदेखि अन्त्यसम्म बीचमा विभिन्न किसिमका समस्या तथा वाधा अड्चनहरू सृजना हुदै आएका हुन्छन् त्यो कार्य पुरा गर्न ति समस्याहरूको सामाधानका उपाय खोज्दै अधि वढे उद्देश्यमा पुग्न सकिन्छ । यसरि कक्षाकोठामा अनुशासनको पालना गर्दा पनि विभिन्न समस्याहरूसँग सामन गरि शिक्षणको उद्देश्य पुरा गर्न सकिन्छ । अध्ययन क्षेत्रका चारै विद्यालयहरूको कक्षाकोठाको अनुशासनको स्थिति पहिचान गरे पश्चात त्यसमा देखिएका समस्याहरूका आधारमा अपनाइएका उपायहरू निम्नानुसार छन् ।

### ४.४.१ विद्यार्थीलाई प्रोत्साहन तथा दण्ड सजाय

प्रोत्साहन व्यक्तिको महत्त्वपूर्ण पक्ष हो । व्यवहारवारि सिद्धान्तकार जस्तै प्यावलव र स्कीनरले पनि प्रोत्साहनको माध्यमबाट प्राणिका व्यवहारमा परिवर्तन गरेका छन् । त्यसले कक्षाकोठामा पनि विद्यार्थीलाई अनुशासनमा राखि सिद्धान्त तह प्रोत्साहन नितान्त आवश्यक छ । हरेक व्यक्ति प्रशंसाका भोका हुन्छन् । त्यस्तै विद्यार्थीहरू पनि आफ्नो प्रशंसा गरेकोमा खुसी हून्छन् प्रोशंसाहन शिक्षण सिइको क्रियाकलापको प्रमुख भाग भएकोले यो विद्यार्थीको अनुशासन सित जोडिएको छ । जसले गर्दा विद्यार्थीलाई सिक्ने जिज्ञासा वढदछ । सिकाइमा रुचि जाग्छ झण्डा नमानेर सिक्ने विषय वस्तु सरल र सहज लाग्छ अध्ययन क्षेत्रका विद्यार्थीहरूसँगको अन्तर्वार्ताका आधारमा विद्यार्थीहरूले धेरै जसो सरहरूको काममा राम्रो गरेमा स्यावासि दिनुहुन्छ । गृकार्य अथवा कक्षाकोठमा राम्रो गरेमा (Good very Good and Excelcent) दिने गरेको वताए । कक्षामा आधा सहि हुँदा पनि ठिक छ तर अलिकति मात्र भएन पछि राम्रो गर्नु भन्ने वारेको वताए भने कुनै सरहरू भने फटाफट गृहकार्य चेक गर्ने गृहकार्य ठिक भएमा पनि केहि नदिने आधा ठिक भएमा पनि यति पनि आउँदैन भनेर हप्काउने गरेको पनि वताए । गृहकार्य पनि अप्ठयारो र चरै झन्जटिलो दिने गरेको वताए ।

